# कुलपूजा

## लमचुँबाट शाखाबन्दि हुदैगएका थरीलम भाइहरुको कुलपूजा (फैल्हुनाँब/छेब)को संक्षिप्त (प्ये) शास्त्रिय दर्शन ।

## १. विषय उठानः

आदरणीय दाजुभाइ तथा दिदीबहिनीहरु नमस्कार । हामी सबैले साँचो कुरा गर्ने बाँनि बसाल्नु पर्छ । साँचो कुरा गर्दा, तत्काललाई नमिठो पनि हुन सक्दछ । तर, यसैले स्वास्थलाई फायदा गर्छ । निरोगी र दीर्घायु हुन्छ ।

म गुरुङ सांस्कतिको ज्ञाता होइन । बौद्धदर्शनको विद्यार्थी हुँ । गुरुङ बुद्धिजमको मुहान खोज्ने क्रममा संभोटामा लेखिएको बंशवलीलाई केलाउदा, लमचुँबाट शाखाबन्दि हुदै गएका थरीलम भाइहरुको कुलपूजा ( फैल्हुनाँब/छेब)को मौलिक (प्ये) शास्त्रिय दर्शन र प्रथम अवस्थल (न्हेँस) फरक फरक देखिएको कारण यसमा रहेका मुख्या कारण र बाधक के छ भन्ने विषयलाई अलिकति कोट्याउने प्रयास गरेको मात्र हुँ । सम्पूर्ण लमभाइहरुको साथ र सहयोग भएमा यो काम सजिलैसंग सम्पन्न गर्न सकिन्छ ।

लमचुँ प्रतिष्ठानले विसं २०५६ साल चैत्र ४, ५ र ६ गते लमजुङ जिल्लाको लामा गाउँको भलम चौर गाउँमा थरीलम भाइहरुको ३ दिने महासभा आयोजना गर्यो । त्यही सभाको बन्द सत्रमा ४वटा कार्यपत्र सहित फैल्हुको विषयमा ब्यापक छलफल पनि भयो । तर, 'क्ह्रोँगी-फिब्रोठगी' लेखिएको दस्तावेजमा फिब्रोठगी भाइहरुले अपत्ति जनए पछि भाइहरुकोबीचमा अन्तर द्धन्द चर्कियो । भाइहरुमा आपासी सहमति हुन सकेन । अन्तमा, कुनै निस्कर्ष बिनानै ७ बुँदे 'लमचुँ घोषणा-पत्र'को घोषणा गर्दै महासभा बिर्सजन भयो ।

त्यस समय माओबादीको शसस्त्र द्धन्दले राज्य ब्यवस्था लथालिंग थियो । दिपेन्द्र सभागृह, पोखरा र काठमाडौंको कार्यक्रम पछि प्रतिष्ठान पनि सेलायो । यसले उठाएका गहकिलो विषयमा केन्द्रित रहेका मुद्धहरु पनि ओझेलमा परे । थरीलम भाइहरुका लागि यो कुनै नयाँ विषय चाहि होइन । आज फेरी २४ वर्ष पछि यसको पुनः स्थापनाका लगि उत्कृष्ट संभावनाहरुको खोजि गर्दै, प्रस्तावित दस्तावेज तयार गर्ने प्रयास मात्र गरिएको हो । यसका लागि स्रोत सामग्रीहरुको अध्यान, अनुसन्धान, संकलन गर्नुका साथै स्थानीय स्रोत ब्यक्तिहरुको सल्लाह र सुझाव अनुसार दस्तावेजलाई परिमार्जन गर्दै लगिनेछ । सबै भाइहरुले सहमति जनायो भने, यो दस्तावेजलाई आधार बनाउन सकिन्छ ।

## २. थरीलमको परिभाषा:

थरीलम भाइहरुले आ-आफ्नो परिभाषालाई राम्रोरी परिभाषित गर्न सक्नु पर्छ। यसैले हाम्रो पहिचान दिन्छ। यसैमा हामीले गौरब गर्नु पर्छ । सर्वप्रथम त हामीहरु लामा होइन, 'लम' हो । लामा भन्ने थर त तामाङ, शेर्पा, डोल्पाली, सिक्किमे, लेहे, लद्धाखी, भोटे र हिमाली जातिहरुमा पनि हुन्छन्। गुरुङ भित्रका 'लम'मा पनि दुइ थरीका हुन्छन् । एउटा 'पढीलम' आर्को 'थरीलम' । पढीलम शास्त्र पढेरै 'लम' भएका हुन्छन्। शास्त्र पढने 'लम'हरु जुनसुकै थरका पनि हुन सक्दछन् । तर, थरीलमहरुका थरनै 'लम' हुन्। जस्मा क्हौंगी, फिब्रोठगी, म्हिगी र पैगीलमहरु हुन् । यस बाहेक पनि तोलंगी, छ्योले, हुर्दु, बैदी, क्युबी र तितू लमहरु आदि पनि छन्। उनीहरुको (न्हैंस) कहाँ हो ? उपरोक्त भाइहरु कहाँबाट कहिले र कसरी छुटिएका हुन् ? लमचुँबाट शाखा बन्दि भएका हुन वा होइनन् ? यस बारेमा थप अध्यान र अनुसन्धान हुदैछ । यस बिषयमा यहाँहरुलाई कुनै जानकारी भएमा dhirgurung2020@gmail.com मा जानकारी गराउनु हुन हार्दिक अनुरोध गर्दछु । यहाँको सानो सहयोगले हाम्रो इतिहास लेख्ने क्रममा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्नेछ।

यो कुरा कुनै प्राज्ञ वा सांस्कृतिविदले उठाएको भए, साँच्चै पो रहेछ के रे भन्नु हुन्थ्यो होला। तर, म कुनै

प्राज्ञिक वा स्रोत ब्यक्ति होइन । फेरिपनि, मैले यस बिषयमा २४ वर्षदेखि निरन्तर अध्ययन गर्दै आएको छु । हुन त मेरो नामको अगाडि पछाडि झुन्डाउने विशेषणहरु पनि छैनन् । त्यसैले, मेरो कुरा पत्याउन पनि अलि गाह्रो होला । फेरी पनि सत्य कुरा घाम जस्तै छर्लङ्ग छ । यसको सार बुझिसके पछि, तपाइँ आफै पनि यस बिषयमा छलफल गर्न अग्रसर हुनुहुनेछ । हाम्रो साझा छलफलद्धारा प्राप्त भएको मौलिक धारणाको साझा बिन्दु एउटै हुन सक्यो भने, बैदेशिक रोजगार र पछौटेपनमा रमाउने हाम्रो समुदायको दोश्रो पुस्तालाई लिखित दस्तावेज हस्तान्तरण गर्न सफल हुनेछौं ।

## ३. मूल बिषयमा प्रवेशः

गुरुङको सभ्यताको केन्द्र बिन्दु मानिने 'ख्होलसोँथर' राज्यको १५औं शताब्दीको मध्यतिर पतन भए पछि ख्होलसोँथरबाट आएका पैमउँ ग्याल भन्ने लमले पहिलो पटक भारी बिसाएर किलो गाडेका स्थानलाई 'लमचुँ' भन्दछ । त्यो स्थान लमचुँ १०थर डाँडा, हालको घले गाउँदेखि नायुँ गाउँ आउछ । त्यसपछि तल्लो घनपोखरा (ख्होयेम्रोँ) आउछ । अन्तमा उपल्लो घनपोखरा (कदलैँ) आउछ । घनपोखरा अन्तिम गाउँ हो । त्यहाँदेखि अलिकति माथि एउटा थुम्को छ । त्यसैलाई 'लमचुँ' भन्दछ । गुरुङ भाषामा देवतालाई 'नम' र नमलाई

'त्रिकालदर्शी' भन्दछ । यही 'नम' शब्द अपभ्रंश हुदै 'लम' भन्न थाले । अर्थात 'लम' भन्ने शब्दनै नमको पर्यावाची हो । 'लम'ले पहिलो पटक आबाद गरेको वा 'चुँसी' गरेको ठाउँलाई लमइचुँब लमइचुँब भन्दाभन्दै 'लमचुँ' भनियो । कालन्तरमा 'लमचुँ'बाट लमजुङ जिल्लाको नामाकरण भएको जनश्रुति रहेको छ ।

## ४. थरीलम भाइहरुको न्हैंस:

पैमउँ ग्याल लम लमचुँको घले राजाको मन्त्री एवं सेनापति थिए । उनलाई त्हनो ख्व्याल, पुरु ख्व्याल, ऋथे ख्व्याल र कुबि ख्व्याल पनि भन्दछन् । गुरुङ भाषामा राजालाई म्रुँ र मन्त्रीलाई ख्व्याल भन्दछन् । विसं १५६७ जेष्ट १० गते भलम खोलाको माले बगरमा अवस्थित मान्द्रे ढुंगामा षड्यान्त्रबाट घले राजाको अवसान भए पछि गाउँशहर दरबारमा शाह राजासंग संझौता गर्न जाने समूहको नेतृत्व पनि उनैले गरेका थिए । उनले फिब्राँ गाउँको लेमको छोरी बिबाह गरे पछि तीन भाइ छोराहरु भए । जेठो बैच्यँ, माइल टुव र कान्छाको नाम चसँ राखियो । बैच्यँको छिटै घरजाम भयो । उनको दुइनाल थियो । दुबैबाट छोरा जन्मिए । जेठो सिक्लेस गए । त्यहाँ उनले गाउँको नेतृत्व (क्ह्रोँके)को काम सम्भाले । कालन्तरमा उनलाई क्ह्रोँगीलम कहलाए । क्ह्रोँगीलमहरु त्यहीबाट शाखाबन्दि हुदै गए ।

क्होगीलमहरुले आफ्नो प्रथम अवस्थल वा (न्हेँस) सिक्लेस, कास्की भन्छन् ।

बैच्यँको कान्छा छोरा मावली गाउँ फिब्रोँमा केही समय बसे पछि (तडी) गाउँ आए । गुरुङ भाषामा पारिलो ठाउँलाई (तडी) भन्दछ । यही (तडी) शब्द अपभ्रंस हुदै (ठगी) हुन आयो । त्यसैले कान्छाको खलकलाई फिब्रोठगीलम भन्दछ । समुन्द्री सताहदेखि लगभग १८०० मिटरको उचाइमा अवस्थित (तडी/ठगी) गाउँमा लमचुँको घले राजाको शसन कालमा दक्षिण दिशाबाट हुन सक्ने खतराको निगरानि गर्नका लागि सेनापति पैमउँ ग्याल/त्हनो ग्याल को नेतृत्वमा 'ठगीक्वे' निर्माण गरिएको थियो भन्ने कुरा राजाको नीति गुरुङको थिति भन्ने बंशवलीमा लेखिएको छ । कोटको भग्नाशेष अझै पनि शुरक्षित छ । त्यो कोटको नाम ठगीक्वे हो । गुरुङ भाषामा कोटलाई (क्वे) भन्दछ । यो कोटको पूर्वमा सिल्दो थान, दक्षिणमा बाह्रबिसे खोलाको सिर, पश्चिममा घले गाउँ जाने उकालो बाटो र उत्तरमा घले गाउँको दक्षिणी भागको आखिरी डिल (हेच्होँ) । यति चार किल्ला भित्रको होजख्ले भन्ने घमैलो वा पारिलो जमिन कोटले चर्चेको क्षेत्रफल हो । घले गाउँ जाने मूल बाटोमा जब उकालो सुरु हुन्छ, ठिक बाया पट्टि लामो 'लमङ्त्यो' छ । लमङ्त्यो भनेको लमपोखरी हो । उहिले कोट बनाउने समयमै सेनापति त्हनो ख्व्यालले बन्य जन्तुहरुले पनि सजिलैसंग पानी पिउन भन्ने आशयले

यो पोखरी बनाएको हुनु पर्छ भन्ने अनुमान गर्न सकिन्छ । अहिलेको नयाँ बाटो निर्माणको क्रममा यो पोखरी पुरिएको हुन सक्छ । फिब्रोठगीलमहरु त्यहीबाट शाखाबन्दि हुदै गए । फिब्रोठगीलमहरुले आफ्नो प्रथम अवस्थल वा (न्हैंस) फिब्रो, लमजुङ भन्छन् ।

माइल टुवको पनि दुइनाल थिए । एक नाल (नल्वे) गए । एक नाल (कोसै/कोछै) गए । त्यहाँ केही समय बसेर पस गाउँ आए । टुव बहुभाषी थिए । बहुभाषीलाई गुरुङ भाषामा (म्हिक्योए) भन्दछ । त्यही म्हिक्योएबाट म्हिगीलम भनियो । म्हिगीलमहरुको उन्नति र प्रगति पस गाउँमा भयो । म्हिगीलमहरु त्यहीबाट शाखा बन्दि हुदै गए । म्हिगीलमहरुले आफ्नो प्रथम अवस्थल (न्हैंज) नल्वे र कोसै/कोछै, कास्की भन्छन् ।

यसैगरी कान्छा चसँ/चौंनम/लम/च्याबलरौं पनि घले राजाको अवसान पछि उपयुक्त बास स्थानको खोजि गर्दै क्रपु/करापु डाँडा पुगे । त्यहाँ केही समय बसेर नमचुँ डाँडा गए । नमचुँबाट ताङतिङ झरे । उनी शास्त्रमा पारंगत भएकाले कर्मकाण्ड पनि गर्दथे । गुरुङ भाषामा कर्मकाण्डलाई (पएकेए) भन्दछ । पएकेए गर्ने लम भन्दाभन्दै पैगीलम भनियो । यहाँ माथि च्याबलसंग 'रौं' जोडिएको देखिन्छ । मेरो व्यक्तिगत बिचारमा यो 'रौं' भन्ने शब्द 'र्ह्वौं'बाट अपभ्रंष भएको हुनु पर्छ । पैगीलमहरुको धेरै 'खे'हरुसंग 'रौं' शब्द जोडिएका छन् । यो (र्ह्वौं) भनेको मुखिया वा प्रमुख भन्ने अर्थमा बुझ्नु

पर्छ । पैगीलमहरु त्यहीबाट शाखाबन्दि हुदै गए । पैगी लमहरुले आफ्नो प्रथम अवस्थल (न्हेँज) नमचुँ भन्छन् ।

उपरोक्त थरीलम भाइहरुको अवस्थालाई मसिनोसंग केलाएर भन्नु पर्दा, जहाँबाट शाखाबन्दि भएर गएको हो, त्यो स्थानलाई प्रथम अवस्थल वा (न्हेँस) मान्नु पर्ने हो । तर, जहाँजहाँ बसाइँ सराइ गर्दै गयो, त्यही स्थानलाई पो (न्हेँस) मान्ने चलन देखियो ? यदि यस्तो हो भने त, बेलायतमा स्थायी बसोबास गरेका भाइहरुका (न्हेँस) बेलायत नै हुने भयो । अमेरिकामा स्थायी बसोबास गरेका भाइहरुका न्हेँस अमेरिका नै हुने भयो । भनेपछि जहाँजहाँ बसोबास गरेका छन्, त्यही (न्हेँस) हुने भयो । लम भाइहरुका लागि यो बडो पेचिलो प्रश्न बनेको छ । हामीहरु यहीनिर अल्मलिए जस्तो लाग्छ ।

थरीलम भाइहरु लमचुँबाटै शाखाबन्दि भएको हुदा, सबैको (न्हेँस) त लमचुँ नै हुनु पर्ने हो नि ? लमचुँलाई आफ्नो (न्हेँस) स्वीकार गर्न किन अप्ठेरो मान्यो ? आखिर सबै भाइहरु लमचुँबाटै गएका हुन् । यसमा अग्रजहरुको केही स्वार्थ लुकेको थियो कि ? भाइहरुले लमचुँ (न्हेँस) स्वीकार नगर्नुको अर्थ के हुन्छ भने, लमचुँबाट शाखा बन्दि भएको होइन भन्ने अर्थ हुन आउछ । तर, घटना-क्रमले के देखाउछ भने, थरीलमहरुको बाबा त लमचुँमा घले राजाको सेनापति वा मन्त्री थिए । त्यो भन्दा अरु प्रमाण के चाहिन्छ ? त्यसैले, सम्पूर्ण प्राज्ञहरु, लमगुरुहरु, पैडीहरु, चोगहरु, बिद्धानहरु र अग्रजहरुले यस बिषयमा

अत्यन्तै गम्भिर भएर मसिनोसंग छलफल गर्न आवश्यक रहेको देखिन्छ । लमभाइहरुले यदि यो कुरा स्वीकार नगर्ने हो भने त, हाम्रोबीचमा कुलभाइ (ल्ह)को सम्बन्ध कसरी कायम हुन्छ ? यो प्रश्नको जबाब खोज्न नितान्तै आवश्यक रहेको देखिन्छ ।

## ५. प्राज्ञ डा. जगमान गुरुङको भनाइ अनुसार कुलदेवता (फैल्हु)को परिभाषाः

नेपाल प्रज्ञा प्रतिष्ठानका उपकुलपति एवं वरिष्ट सांस्कृतिविद, प्राज्ञ डा. जगमान गुरुङको भनाइ अनुसार तिब्बती भाषाको 'फोल्ह' शब्दबाट 'फोल' र 'फैल' हुदै गुरुङ भाषाको 'फैलु' शब्द बनेको छ । कुनै कुनै गाउँमा फैलुलाई प्रकारान्तरले केवल 'ल' मात्र पनि भनेको पाइन्छ । तिब्बती भाषाको 'फो'को अर्थ पुरुष 'मो'को अर्थ 'स्त्री' हो । यसैगरी 'ल्ह'को अर्थ 'देव वा देवता' र 'ल्हमो'को अर्थ देवी हो । त्यसकारण 'फोल्ह' को अर्थ पुरुष देव अथवा पुरुष देवता हुन्छ । यसरी तिब्बती भाषामा 'फोल्ह' शब्दको अर्थ पुरुष देव अथवा पुरुष देवता भनिएता पनि गुरुङहरुले चाहिँ 'फैलु' शब्दलाई कुलदेवताको अर्थमा लिएका छन् ।

कास्की चिलि कन्ब (न्हेज) सिकलेसको कन्ब प्रथम स्थल भएका क्ह्रोगीलामाहरु र नम चुँ नम-जु न्हेज ताङतिङको नामर्जुङ प्रथम स्थल भएका पैगी लामाहरुले

पल येशे गोन्पो छ्याग्शिपा (पल- श्री, येशे- ज्ञान, गोन्पो- नाथ- महाकाल, छ्याग्- हात, शि- चार) श्री ज्ञान चतुर्बाहु महाकाललाई आफ्नो फैलु- कुल देवता मान्दछन् । यसैगरी फिब्रो- ट्हडि न्हेज (लमजुङको लामा गाउँ प्रथम स्थल) भएका फिब्रों-ट्हडि लामाहरु र पैगोँ ( लमजुङ, पस गाउँ) कुम्लु र पर्क्वे (पाखिकोट)का कोछै म्हिगी एवं नल्वे म्हिगी र त्यहाँबाट शाखाबन्दि भएका म्हिगी लामाहरुले चाहिँ पलदेन ह्लमो रेवती (पल- श्री देन- मती ल्हमो- देवी) श्रीमती देवी रेमतीलाई आफ्नो कुल देवता मान्दछन् । यसमा महाकाल चाहिँ फो- पुरुष र पलदेन ल्हमो चाहिँ मो- स्त्री हुन् । फो- मोलाई अर्को अर्थमा यव- पिता र युम- माता पनि भनिन्छ ।

बर्षेनि साउने संक्रान्ति र बडादशैको महाअष्टमीको दिन फैलु- कुलदेवता, खे- पितृ र मा- मातृको सामान्य पूजा र आफ्नो अवसर हेरेर फैलु महिनाको लछे- शुक्लपक्षको शुभ तिथि र शुभ बारमा फैलु- कुल देवताको बिधिवत पूजा गर्ने परम्परा रहि आएको छ ।

डा. जगमान गरुङको उपरोक्त भनाइलाई जस्ता तस्तै गरी सरोट गरिएको छ ।

# ६. पैगीलामाहरुको वंशवली २०५६:

मितिः २०५६ चैत्र ६ गते
स्थानः भलम चौर लामा गाउँ, लमजुङ
कार्यपत्र प्रस्तोताः भूपूमा नन्दजङ गुरुङ
ताङतिङ हाल माटेपानी, पोखरा, कास्की ।

## १. गुरुङ (तमु)को प्रार्दुभावः

अहिले गुरुङहरुलाई व्यापक रुपमा प्रयोग गरिने गुरुङ उपाधिको सन्तोषजनक व्युत्पति गर्न सकिएको छैन । कारण यो गुरुङ भन्ने शब्द, गुरुङ भाषासंग मेल खाएको देखिदैन । गुरुङ भाषामा गुरुङहरुले आफुलाई तमु भन्दछ । चिनको मंगोल बादशाह चंगेज खाँको उपनाम पनि तमुजिन थियो । तमुजिन भन्नाले फलामको हतियारधारी भन्ने बुझिन्छ । प्राचिन चिनिया भाषामा फलमलाई 'त' भनिन्छ भने, गुरुङ भाषाले फलमबाट बनेको बन्चरोलाई 'त' भन्ने गर्दछ । 'मु'को अर्थ आकास हुन्छ । आकास भनेको विशाल हो अर्थात शान्त हो । यसबाट के अर्थ हुन्छ भने, शान्त स्वभावको बन्चरोको शास्त्रधारी । आर्को अर्थमा हेर्ने हो भने, 'त' भनेको घोडा र 'मु' भनेको शान्त वा शान्त स्वभावका घोड सवार ।

तिब्बती इतिहासलाई हेर्ने हो भने, तिब्बतको उत्तरमा रहेको कोकोनोर ताल वरपरका सात जातिहरुमध्ये एउटाको नाम ग्यारुङ थियो । ती जातिहरु स्रोनचन गोम्पोको सेनामा भर्ती हुनु र वंशवलीहरुमा गुरुङको पुर्खाहरु उत्तरको हिमाल खण्डबाट आएको चन वा वंश र चन भन्ने नामहरु प्रशस्त उल्लेख भएको हुँदा, उपरोक्त भनाइहरु तर्कसंगत देखिन आउदछ ।

वंशवलीहरुमा गुरुङ जातिको उत्पति सम्वन्धि स्पष्ट मत पाउन सकेको छैन । कहिलेदेखि कसरी गुरुङ जातिको प्रार्दुभाव भयो भन्ने विषयमा पनि एक मत छैन । कुनै वंशवलीमा महागुरु भनेर भन्ने गरेको पाइएको छ । पछि महा भन्ने शब्दलाई हटाएर गुरु र गुरु शब्दको रु मा सिरबिन्दु थपेर गुरुङ भएको भन्ने भनाइ पनि प्रशस्त सुनिन आउदछ । जे होस्, यस्ता भ्रामक र जाली कुराहरुलाई चिरफर गरी सत्य कुराको कसी लगाउन एउटा अपरेशन कक्षमा अध्ययन र अनुसन्धान गर्नु आजको एउटा टड्कारो विषय हुन आएको छ । आशा छ, निकट भविष्यमै लामाहरुले आफ्नो प्रार्दुभावको बारेमा एउटा निष्कर्ष निकाल्न सफल हुनेछ ।

## २. गुरुङको नालिबेली:

गुरुङहरुको नालिबेलीको सम्बन्धमा बिभिन्न वंशवलीहरुमा बिभिन्न स्थानहरुमा उठान भएको पृथक-पृथक कुराहरु लेखिएको भए तापनि हाम्रो भाषा, धर्म,

संस्कार, संस्कृति र सामाजिक बनावटको आधारहरुलाई अध्ययन गर्दा, सफुती क्ह्याल्स भन्ने स्थानमा गुरुङहरुको उठान वा अस्तित्वमा आएको बास्तबिकतालाई स्वीकार्नु पर्ने अवस्था हो कि जस्तो लागेकोले लामा भाइहरुको बीचमा यो कार्यपत्र प्रस्तावको रुपमा पेश गरेको छु ।

लामा वंशको उठान र पहिचान चन वंशबाट भएको देखिन्छ । 'चन' भन्नाले भारतबाट प्रवेश गरेको आर्य नश्लका हिन्दुवादी ठकुरी चनहरु नभएर चीनका शासक स्रोङचन गोम्पोका वंशजहरु हुनुपर्छ । तिब्बती भाषामा 'चन'को अर्थ न्यायमुर्ति वा न्याय गर्ने राजा भन्ने हुन्छ । जनश्रुति र वंशवलीमा उल्लेख भए अनुसार चनी क्ह्याल्पो, हरिचन, महाचन, रिपुचन, अरचन र बिरचन पछि सफुती क्ह्याल्समा नोचन आएको वर्णन पाइन्छ । नोचन सफुती क्ह्याल्सबाट ठिनी क्ह्याल्स माउरो गाउँमा गइ, त्यहाँ उनको राज्यव्यवस्था कसरी स्थापना भयो भन्ने विषयमा गुरुङको 'प्ये ताँ ल्हु ताँ' मा आधारित एउटा कथा भन्न सान्दर्भिक हुन आउँछ ।

अधि ङ्हति कुति सञ्च माउरोमये नाँस नामक पसे ङ्हरु म्हिन कुगीहरुको गाउँमा सर्ख ट्होल (हिउदे दोखालो) र वर्ष ट्होल (वर्ष दोखालो) गर्दा अजिमो प्हजिमो भन्ने अचम्मको शक्ति भएको अजेय भूत प्रकट भएर दुःख दिन थाल्यो । त्यस गाउँमा अन्न र धन दौलत (सैंए न्होर)को सह रहेन । केही कुराको पनि थिरोफरो भएन । हराएर मासिएर (म्है म्है त्हु त्हु) जान

थाल्यो । मर भाग (सिन म्हेन) हुन थाल्यो । जुन व्यक्ति राजा भएर हातमा खड्का लिएर राजगद्दीमा बस्दथ्यो, उनलाई राति अजिमो फ्हजिमोले मारिदिन्थ्यो । राजगद्दी खालि राख्नहुँदैन भन्ने जनबिश्वास र परम्परा थियो । टाठाबाठाहरु कोही पनि राजा हुन मान्दैनथे । किनभने दिउसो स्थापना गरेको राजालाई राति भूतले खाइदिन्थ्यो । यसरी, राजा नहुँदा, मुलुकमा दण्डबिधान केही पनि थिएन । मुलुकको स्थिति ज्यादै बिग्रेर गएको थियो ।

यस्तैमा एक दिन भेडा बाख्रा चराउन गएका केटाकेटीहरुले जौबारीमा लामो-लामो कान भएको कान र छातिमा लामो-लामो बाक्लो रौं उम्रिएको अचम्मको मान्छेलाई देखे । केटाकेटीहरु डराएर गाउँमा खबर गर्न गए । गाउँका ठुला मान्छेहरु आएर तिमी मान्छे हौं कि ? भूत हौ कि ? के हो ? भनेर सोध्दा, ‘म नोचन हुँ’ भनेर आफ्नो परिचय दिए । त्यसपछि गाउँलेहरुले तिमी यस्तो खाइलाग्दो र अजंगको छौं, ‘तिमी के खान्छौं र यस्ता भयौ’ भनेर सोध्दा, नोचनले ‘म एकदिनमा ३ पाथीको अन्न र एउटा जीवत (सोनच्यु ह्रोन स्य) सिंगै खान्छु भनेर जवाब दिए । तिम्रो खुराक यस्तो रहेछ, खुराक अनुसारको तिम्रो बल पौराख के छ’ भनेर सोध्दा, ‘म माथिबाट आउने भल पहिरो र तलबाट आउने हुरी बतास (तुइबै क्र मुइबै नमोर) छेक्न सक्छु,’ भनेर जवाब दिए ।

त्यसपछि नोचनको बोली, व्यवहार, शारीरिक बनावट र उनका तेजस्वि आँखाबाट सम्पूर्ण गाउँलेहरु प्रभावित भएर, 'यहाँ हाम्रो राजा छैन,' तिमी यस्ता महापुरुषर्थी रहेछौं । 'तिमी हाम्रो राजा भइदेउ' भनेर बिन्ति गरे । गाउँलेहरुको आग्रह अनुसार नोचन त्यहाँका राजा भए । राति अजिमो प्ह्जिमोसंग नोचनको भीषण संग्रम भयो । अन्ततः नोचनको ज्ञान, प्रभाव र शक्तिले अजिमो प्ह्जिमोलाई मारिदिए । यसरी नोचनले अजिमो प्ह्जिमोलाई मारे पछि त्यस गाउँमा हिँउद, वर्ष, सुख शान्ति भयो । अन्नको थिरो फरो भयो । घन दौलत बढदै गयो । पशुपंक्षी र मानिसहरु दुख्न पिर्न छाडे, मर भाग भएन, मुलुकको स्थिति राम्रो बस्यो । त्यसपछि ङ्हति कुति सन्चो माउरो मये नाँस नामक गउँमा पसेङ्हरु म्हिनकुगी यी दुनियादारले नोचनलाई खोर्लो ह्निमर्छे (चक्रचुडामणि) को पदवी दिएर उनको अधिनता स्विकार गरे ।

आजसम्म पनि गुरुङ समाजमा पच्यु र ध्याबृले गाउँको दोख दोखालो पन्छाउन उभौली र उद्यौलीमा प्ह्रो फाल्ने पूजा गर्दा अधि नोचन खोर्लो ह्निमर्छेले अजिमो प्ह्जिमो मारेपछि दोख-दोखालो शान्त होस् भनेर बुँदा पढिकन बाचा बाँधिन्छ । पातालको क्रौं नासमा गएर धनको सह ल्याएपछि पनि उक्त सहलाई थिरो फरो गराउन नोचन खोर्लो ह्निमर्छे)को बाचा बाँधिन्छ ।

यसरी, ठिनी क्ह्याल्स माउरोमये नाँस नामक गाउँमा नोचन खोर्लो ह्रिमर्छेले आफ्नो राज्य स्थापना गरेपछि कालन्तरमा नोचनका वंशजहरु उइचुँ, चोम्रो, मइचुँ ह्युल, लगायत मनाङका बिभिन्न स्थानहरुको विचरण गरी लमजुङ हिमालको पूर्विभागमा रहेको क्व्रोए म्य नमुन भञ्ज्याङ (पास) पार गरी भाद्र शुक्ल पूर्णिमाको दिन ङ्ह्या ङ्ह्यो (दूधपोखरी)मा स्नान गरी क्होल सौँथर ट्होमा आइ बसोबास गरे ।

## ३. लामा शब्दको व्युत्पति र परिभाषाः

लामा शब्दको अर्थ ‘अनुत्तरज्ञानमार्गी’ भन्ने हुन्छ । तिब्बती भाषाको ‘लन मेद प’ शब्दबाट लामा शब्द बनेको छ । जुन मार्गभन्दा माथि आर्को मार्ग हुँदैन । त्यसलाई अनुत्तर मार्ग र जुन ज्ञानभन्दा माथि आर्को ज्ञान हुँदैन, त्यस्तो ज्ञानलाई अनुत्तर ज्ञान भनिन्छ । यसमा बुद्ध धर्मले देखाएको बाटोलाई ‘अनुत्तरमार्ग’ (लम मेद् पहि लम) र त्यस अनुत्तर मार्गबाट प्राप्त गर्न सकिने ज्ञानलाई अनुत्तरज्ञान (लन् मेद् पहि येशे) भनिन्छ । अतः त्यस अनुत्तरमार्ग (लन मेद् पहि लम)को अनुसरण गर्नेलाई ‘लन मेद्’ भनिन्छ र त्यसैबाट लम, लामा शब्द बनेको हो । गुरुङ समुदायमा आफ्नो धर्म, रीति, थिति र परम्परा अनुसार जन्म, न्वारन, चुडाकर्म, विवाह, मृत्यु कर्म र पितृ कार्य आर्धौ (पय) गर्दा पुरोहितको तर्फबाट गर्नुपर्ने कर्मकाण्डहरु गर्नेलाई लामागुरु र अवतारी

लामालाई गुरु ह्रिमर्छे भनेर भनिन्छ ।

## ४. पैगि शब्दार्थको परिभाषाः

गुरुङहरुको प्राचिन किलो-थलोको रुपमा परिचित गण्डकी प्रदेशको बिभिन्न स्थानहरुमा पैगिलामाहरुको बसोबास भएको देखिए तापनि नमचुँदेखि पश्चिम भेगमा शाखाबन्दी हुदै गएको हुँदा यसै क्षेत्रहरुमा पैगिलामाहरुको बाहुल्यता धेरै रहेको छ ।

पैगिलामाहरुको शाब्दिक अर्थ र परिभाषा, बिभिन्न गाउँहरुमा फरक-फरक मत रहे तापनि लामा भाइहरुको तीन भाइमध्ये कान्छो भाइले लामा विद्या सिकी कर्मकाण्डहरुको काम गर्ने भएकाले गुरुङ भाषामा कर्मकाण्डलाई पए भन्दछ । अतः 'पए क्हे गर्ने' लम भएको हुनाले पय क्हेबाट बिस्तारै पैगि हुन आएको भन्ने जनस्रुति पनि रहेको र पय क्हेबाट पैगि शब्दको शब्दार्थ रहेको हो भन्दा कति सान्दर्भिक होला ? पैगि थरका लामा बन्धुहरुले कसी लगाइदिनुहुन अनुरोध गर्दछु ।

## ५. क्होल बिस्थापित हुनुको कारणः

क्होलका घले राजा दोबाग्यालको अपुताली पर्‍यो । नयाँ स्थापना गरिएका राजाले ब्यवस्थित ढंगबाट शासन ब्यवस्था मिलाउन नसकेका हुनाले क्होल सौँथरको स्थिति दिन प्रतिदिन खस्कदै गएको हुँदा, गास, बास र कपासको खोजिमा बिस्थापित हुन थाले । यसरी

बिस्थापित हुने क्रममा म्हिन कुगीहरु क्रपु डाँडामा आई बसे र जगदिखान शाही राजासंग मादी बेसी भैसेचौरमा आगो ढलोको थिति बाँधि कास्कीको तप्राङदेखि लमजुङको युलुङसम्म खोरिया फाँडि बस्ति बसाले । यसरी, कुगीथरका गुरुङहरु ठकुरी राजाको पछि लागेपछि क्होलका घले राजाको छत्र भंग भयो । त्यसपछि क्होलबाट बिस्तापित हुने क्रममा लामाहरुको पूर्ख पोजो डाँडाको उत्तरपट्टिको थुम्कोमा आइ बसे । यसरी लामाहरुले प्रथम पटक आई बसोबास गरेको हुँदा लम चुँ (लामाहरुको प्रथम अवस्थाल) बाट परिचित हुँदै लम चुँ, लमजु हुँदै लमजुङ नाम रहन गएको भन्ने जनमानसमा स्रुति परम्परा छ ।

## ६. लमजुङमा शाहहरुको उदयः

यसको केही वर्ष पछि कास्कीको राजा गजदीखान शाहीका माहिला छोरा कालु शाहले लमजुङमा रजाइँ गरेका थिए । तर, लमजुङका लामा गुरुङहरुले षड्यान्त्र गरी जुमकोट भन्ने ठाउँमा सिकार खेल्न लगेर कालु शाहलाई काटिदिए । यसका लगतै कुस्मारवर धिमिरे र खजे दुरा कास्की गई कालु शाहको भाइ जसबम शाह ( यशोब्रम्ह शाह)लाई दुराको नाम्लो नाम्लो, घिमिरेको काम्लो गरेर ल्याए । त्यसपछि यी लामा गुरुङहरुलाई हात नलिई लमजुङको राजा हुन सकिदैन भनेर यशोब्रम्ह शाहले ती लामा गुरुङहरुलाई आफ्ना दरबारमा बोलाए ।

त्यसबखत लमजुङका यी लामा गुरुङहरुलाई ठुलो धर्म संकट पर्यो । किनभने म्हिन कुगिहरु जति अघिनै बाहुनको सल्लाह अनुसार जगदीखान शाहीको पिछा परिसकेका थिए । कालु शाहलाई मारेर लमजुङका ठकुरी राजा थाप्न नदिने आफ्नो योजना पनि बिफल भइहाल्यो । अघि गजदीखान पालामा म्हिन कुगिहरुले गरेको बन्दोबस्तमा पानी ढलो बाहुनको आगो ढलो गुरुङको भन्ने स्थिति भएकोले, कुलो काटी गरा बनाएर धान रोप्न हुने जति जग्गा सबै बाहुनहरुले कब्जा गरिसके । आगो ढलो गुरुङको भन्ने स्थिति भएकोले डढेलो लगाएर खोरिया फाँडी सामो, कागुनो, कोदो र मकै उब्जने भिरालो जग्गामात्र गुरुङले पाए । त्यसकारण शाही राजासंग मिलेर जुग भुजने पिस्थति (दीर्घकालिन) बन्दोबस्त नगरी भएन भन्ने मतो बाँधेर लामा गुरुङका जिज्यु कुबिक्ह्याल र सबक्ह्याल, घोतानेको जिज्यु कौक्ह्याल र लामछानेको जिज्यु पुरुक्ह्याल यशोब्रम्ह शाहको धर्मसभामा गए ।

त्यहाँ सदाम पाँडे, बिजै थापा, जैसर बोहरा, हीरामणि राना, शिबसर खनाल, रामसर अर्याल, दामु दुरा सबै बसी यशोब्रम्ह शाहले थी गुरुङहरुसंग कुरा गरे । तिमी गुरुङहरुले धर्म छाड्यो भने म पनि कालु शाह जसरी मारिनेछु । त्यसै हो भने के कुरा गर्नु, तिमीहरुले धर्म राखिदियो भने म लमजुङको राजा हुन पाउने छु, के भन्छौ भनेर यशोब्रम्ह शाहले यति बचन बोलेपछि त्यस

धर्मसभामा गएका ती चार बुढा (खे प्ली)ले महाराजबाट स्थिति बक्सन्छ भने हामी राजा मान्दछौं, धर्म फरक पर्ने छैन भनेर बचन दिए ।

उप्रान्त अरु राजा नमान्नु, मेरो माथि कुल कपट ( षड्यन्त्र) नगर्नु, चुडाकर्म, विवाह, मैयाका गोडाधुप, गादी, देश-परदेश हुँदा पाउँ दुखानी यति सलामी बुझाउनु, सिर्ता मेरो बिर्ता तिम्रो भयो भनेर अपुताली चाक चकुई माफ भयो, जिया नमास्नु, लामा ध्याबृले गर्नु पर्ने काम लामा ध्याबृबाट गराउनु, बाहुनले गर्नुपर्ने काम उपाध्याय ब्राह्माणबाट गराउनु, मौलो गाडेर दशै मान्नु, शाही राजा मान्नु, आ-आफ्नो अम्बलको बरह, उमरा हुनु, रीति तिरी जग्गा आबाद गर्नु भन्ने स्थितिको बन्दोबस्त भयो ।

## ७. सारंशः

यसरी लमजुङमा यशोब्रम्ह शाहको एकछत्र राज्य कायम भएपछि हाम्रा पुर्खाहरु अधि शाही राजाको पालामा म्हिन कुगिहरुले खोरिया फाँडेर जग्गा आवाद गरेको बिभिन्न गाउँहरुमा गई मौलो गाडी मौलोको मुखिया भए । यसरी मौलो गाड्ने क्रममा लामाहरुको केही शाखाहरुमध्ये क्ह्रोंगि लामाहरु सिक्लेसमा, फिब्रो ट्हगिहरु फिब्रोमा, म्हिगिहरु को र नल्वेमा र पैगिलामाहरु नम चुँमा गई मौलो गाडी मुखिया भएर गाउँको अधिपत्य भई शासन ब्यवस्था गरी बसे ।

**८. वंशबृक्षः**

१. नोचन खोर्लोह्निमर्छेको छोराहरु–

२. जेठो थोरचन, माइल फैबचन र कान्छो स्यारचन ।

३. माइल फैबचनको छोरा पैमउँ ग्याल ।

४. पैमउँ ग्यालको जेठो बैच्य क्ह्लोँगि लमको खे । माइल टुव म्हिगि लमये खे । कान्छो चसँ पैगि लमये खे ।

**जानकारीः** भूपू माननीय नन्दजङ गुरुङद्धारा तयार गरिएको पैगि लमहरुको वंशवली २०५६लाई कार्यपत्रको रुपमा रिबाने वकिल कृष्ण बहादुर गुरुङले महासभाको बन्द सत्रमा प्रस्तुत गर्नु भएको थियो । थरीलम भाइहरुले सर्वसम्मतबाट पारित गरेको प्रथम ऐतिहासिक दस्तावेज हो । थरीलमहरुको वंशवृक्ष यही धरातलबाट आरम्भ हुन्छ । यो सक्कली प्रतिलिपि हो ।

पोखरा निवासी क्याप्टेन डम्बरसिँ गुरुङद्धारा लिखित 'रिभान चौर ङेह्नो पैगिलामाहरुको वंशबृक्ष' २०६८को पृष्ट २६-३१मा पनि यो कार्यपत्र प्रकाशन भएको छ । तर, कोने-घोतानेको खे थोरचन हुनु पर्नेमा शेरचन लेखिएको छ । यसलाई सच्याउनु पर्छ । धन्यवाद ।

माननीय नन्दजङ गुरुङको कार्य-पत्रलाई जस्ताको तस्तै राख्ने प्रयास गरिएको छ ।

# ७. थरीलम भाइहरुको लमचुँ महासभामाः

## १. स्थलगत परिचयः

लमचुँबाट शाखाबन्दि हुदै गएका थरीलमहरु जस्मा क्ह्रोँगी-फिब्रोठगी, म्हिगी र पैगीलमहरुको यो प्रथम महासभा थियो । यो समय विसं २०५६ साल चैत्र ३ गते सन्धय काल थियो । सूर्य देवले बिदा लिनका लागि अन्तिम प्रभाव दिइरहेको थियो । समुन्द्री सताहदेखि लगभग १८०० मिटरको उचाइमा अवस्थित लमजुङ जिल्लाको लामा गाउँ भलम चौर गाउँको गहिरी स्वाराको फराकिलो गह्राको कुनामा लामा गाउँका फिब्रोठ्हगी भाइहरुको अथक प्रयासमा तीन दिनदेखि तैयार गरिएको सय मिटर लामो हल्क निलो रंगको सभा गोठ, ओबानोका लागि ओक्ष्याइएका नरम पराल, स्थानीयवासी र लमजुङका अग्रज भाइहरु अधिराज्यबाट महासभामा उपस्थित हुनुहुने थरीलम भाइहरुको स्वागतका लागि ब्यग्र प्रतिक्षमा थिए ।

निर्धारित समय तालिका अनुसार तीन गतेको मध्यान्नतिर लमजुङ जिल्लाको सदरमुकाम बेसीशहर बजारदेखि उत्तरतिर मर्स्याङ्दी नदीको तिरैतिर हुदै खुदी दोभानसम्म यातायातको सुबिधामा आए । त्यस पछि दक्षिण दिशातर्फको उकालोमा अवस्थित सिमपानी गाउँको मध्य भाग हुदै, लगभग एक घन्टाको टाउकैमा

ठोकिने ठाडै उकालो चढेर लगभग पाँच सयको हराहरीमा समूह समूहमा प्रतिनिधिहरु भलम चौर गाउँ आइपुगे । आगन्तुक भाइहरुलाई हार्दिकताकासाथ न्यानो अभिवादन तथा स्वागत भयो ।

राजधानीको बाक्लो बस्तिमा साँधुरिएर बसेका सुकिला मुकिला अग्रज भाइहरुले पदयात्राको नयाँ अनुभुतिकासाथ चिसो हावापानी, न्यानो स्वागत, सत्कार, बाह्रबिसे, नौबिसेको मार्सी चामलमा एकसरो मिसाइएको झिनुवाको मगमग बासना आउने भातको अतिथ्याइले प्रतिनिधिहरु एक्कासी हौसिएका थिए । कति भाइहरुले त भात खादैं गर्दानै कण्ठ मुखले प्रशंस गर्न भ्याएका थिए ! कतिले प्रशंस नगरे पनि हात र थाल चाटेको देख्दा, भोजनबाट तृप्त भएको संकेत थियो ! तत्कालिन भैरहेको दृष्यले यसैको प्रमाण दिइरहेको थियो ।

## २. चैत्र ४ गते बिहनाको कुलपूजाः

भोलीपल्ट बिहना निर्धारित समयमा कुलदेवता ‘खोर्लोरिन्पोचे नोचन फैल्हु महाकाल’को पूजा गरेर महासभाको उदघाटन भयो । तर, पूजाको समयमा कसोकसो जग्गेको लोटा घोप्लक्क ढल्यो ! अपसगुनको संकेत छ, सांकेतिक भाषामा जगमान र युद्धजङ्को हेराहेर भयो । तर, तत्काल केही पनि बोलेन । एकातिर पूजामा अपसगुन देखिनु, क्रान्तिकारीहरुसंग निरन्तर सम्पर्कमा रहनु पर्ने र थरीलम भाइहरुबीच पाँच शताब्दी

पछिको प्रथम महासभा भएकाले कतिपाय विषयहरुमा सैद्धान्तिक मतभेद, अहंकार र खोक्रो अडम्बरीका कारण महासभामा निचोड निकाल्न सकिरहेको थिएन । यही पिडाले भतभति पोलिरहेको अवस्था थियो । त्यही समय क्रान्तिकारी साथीहरुले अपरझट बैठक बोलायो ।

## ३. क्रान्तिकारीहरुसंग बैठक:

'क्रान्तिकारीहरुसंग छलफलमा बस्यो ।'

तपाइँहरुको महासभामा बिशेष प्रहरी बिभागका तीन जना र सेनाका दुइ जना उच्च अधिकृतहरु रहेछन् । वहाँहरु पाँचै जनालाई तुरुन्तै सभास्थल छाडना सूचना गर्नु पर्यो । यो हाम्रो जिल्ला हेडक्वार्टरको आदेश हो । तपाइँहरुले आचार संहिता पालना गरेन भने, भौतिक कारवाही पनि हुन सक्दछ । यो माथिको आदेश हो, प्रतिनिधिले ठाडो आदेश दियो ।

क्रान्तिकारीहरुसंग तत्काल बादविवाद गर्न उपयुक्त थिएन । उनीहरुले जे भन्यो त्यही मान्नु पर्ने बाध्यता थियो । त्यसैले, सेना र प्रहरीका उच्च अधिकृतहरुलाई विद्यमान परिस्थितिको यर्थाततालाई जानकारी गराउदै अध्यक्षबाट सभास्थल छाडना अनुरोध भयो । उनीहरुले पनि कार्यक्रमको सफलताका लागि स्थान त्यागे । क्रान्तिकारीहरुलाई जानकारी दिइयो ।

यसरी, प्रत्येक पाइला पाइलामा खतरनाक गतिविधि हरुलाई नियाल्दै, दोस्रो दिनको बन्द सत्रमा चारै

भाइहरुले आ-आफ्नो पुस्तावलीको आधारमा तैयार गरिएको ऐतिहासिक दस्तावेज खुला छलफलका लागि महासभामा प्रस्तुत गरे ।

## ४. महासभामा असहमतिः

नेपालीमा एउटा भनाइनै छ, गुरुङको सल्लाह खरानीको डल्ला । फिब्रोठ्हगी भाइहरुले (क्ह्रौंगी-फिब्रोठ्हगी) लेखेको अर्थ कसरी बुझ्यो ? फिब्रोठ्हगी भाइहरुमा व्यकारणमा ड्यास किन र कसरी लगाइन्छ भनेर बुझ्ने मानिसहरुनै रहेनछ भन्न त मिल्दैन होला । तर, व्याकरणको नियम अनुसार दुइवटा शब्दहरुलाई एक ठाउँमा राखेर सन्धि गरिन्छ ।

त्यसरी सन्धि गरिए पछि दुबै शब्दको अस्तित्व समाप्त हुन्छ र नयाँ शब्दको उत्पति हुन्छ । तर, दुइ नामहरुको बीचमा ड्यास राखे पछि दुबै नामको अस्तित्व बराबर अवस्थामै रहने हुनाले, दाजु भाइको बीचमा व्याकरण सम्मत यो ड्यासको प्रयोग गरिएको थियो । अर्थात बैच्यको दुइ नाल थियो भन्ने कुरा हो । तर, फिब्रोठ्हगी भाइहरु मध्येका केही अग्रजहरुले सस्तो लोकप्रियता प्राप्त गर्नका लागि गलत प्रचार गरे । यति मात्र कहाँ हो र ? जगमान र सचिवलाई अभद्र बिदाइ गर्ने षड्यान्त्र भुसको आगोझै भित्रभित्रै सल्काइ सकेका रहेछन् । तर, केही इमान्दार साथीहरुले यसको बिरोध गरे पछि विषय सताहमा आयो ।

## ५. फिब्रोठगी भाइहरुको गुनासोः

हाम्रो जात नभए पनि भात त अधाउने गरी खानु होस् भन्दै जगमान र सचिवलाई खाने बेलामा राम्रौसंग व्यङग्य गरे । यो सम्वाद भूपू माननीय युद्धजङको कानमा पुगेपछि भलाकुसारी गर्न खोजे । तर, घेराबन्दीका कारण उनको यो प्रयास सफल हुन सकेन । त्यही हाम्रो कमजोरी भयो । त्यहीनिर हामी चुक्यौं !

## ६. फिब्रोठगी भाइहरुको दायित्वः

यो तीन दिने महासभाको जस फिब्रोठ्हगी भाइहरुले पाउनु पर्ने थियो । अधिकार पनि उनीहरुकै थियो । किनभने उनीहरुले धेरै मेहेनत गरेका थिए । यसको कारण के थियो भने लगभग ५०० वर्षको अन्तराल पछि भाइहरुको प्रथम पटक सामुहिक भेटघाट र छलफल भैरहेको थियो । यो औपचारिक वा अनौपचारिक दुबै अवस्था थियो । पारिवारिक मेलमिलाप थियो । अर्थात यसो पनि भन्न सकिन्छ कि भाइहरु मूल घरमा फर्किएको थियो । अधिकार खोज्नका लागि होइन । बाउबाजेको इतिहास खोज्नका लागि भार मुनि टाउको राखेर कुरा गर्न आएको थियो । सल्लाह र सुझावहरु माग्न आएको थियो । किनभने माग्न उहीनिर आउछ, जोसंग केही हुन्छ र दिन सक्ने सामर्थ पनि राख्दछ । यदि अरु कुनै भाइहरुले कदम कदाचित बिठ्याइ गरेको अवस्थामा वा असहमत भएको अवस्थामा पनि

फिब्रोठ्हगी भाइहरुले सम्झाइ बुझाइ सहमत गराउने प्रयत्न गर्नु पर्ने दायित्व थियो । तर, त्यस बखत यसो हुन सकेन । यही कुरा थरीलम भाइहरुको लागि दुर्भाग्यपूर्ण भयो । अभिशाप भयो ।

अन्तमा, लमचुँ प्रतिष्ठानको घोषणा गर्दै, महासभको निचोड 'नुन मसला' नलागेको तरकारी जस्तै खल्लो स्वादमा सात बुँदे 'घोषणा-पत्र' जारी भयो । यो लेख त्यही महासभाको गतिविधिको आधारमा तयार पारिएको संपादित अंश हो ।

## ८. स्रोत ब्यक्तिहरुको धारणाः

लमचुँबाट शाखाबन्दि हुदैगएका थरीलम भाइहरुको नालिबेली, वंश बृक्ष र बसाइँ सराइको बारेमा बिभिन्न लेखकहरु, प्राज्ञहरु र स्रोत ब्यक्तिहरुको धारणा के कस्तो रहेको छ ? बुँदागत रुपमा यहाँ प्रस्तुत गर्न चाहन्छु ।

१. प्राज्ञ डा. जगमान गुरुङले सम्पादन गरेको फैलु मन्त्र र उनको ब्यख्या र बिश्लेषण आफ्नो ठाउँमा ठिकै होला । यसमा मेरो कुनै टिका टिप्पणी छैन । तर, (गन्पो छ्याग्शिपा र पलदेन ल्हमो)को कुल, वर्ण र उनको (प्ये) शास्त्रको बारेमा केही उल्लेख गर्नु भएको छैन ? किनभने, कुलदेवता फैलु पूजा गर्ने समयमा (फैलुप्ये) अर्थात फैलुको शास्त्रिय दर्शन पढेर उनको साधना गर्नु

पर्छ । गन्पो छ्याग्शिपा र पलदेन ल्हमोको शास्त्रिय दर्शन सहित स्पष्ट हुनु पर्छ ?

२. प्राज्ञ डा. जगमान क्ह्रोंगि लामा गुरुङद्धारा लिखित 'तमुवानको ऐतिहासिक बृतान्त' २०६७ काठमाडौंको पृष्ट ३८को अन्तिम पानामा लेखिए अनुसार, अब शाही राजासंग मिलेर जुग भुँजने तिथि (जुग जुगसम्म भोग गर्न पाउने दीर्घकालीन बन्दोबस्त) नगरी भएन भन्ने मतो गरेर खेप्लि (चारपुर्खा) अर्थात लामा थरका गुरुङका पुर्खा कुबिक्ह्त्याल तथा सबक्ह्त्याल, घोताने थरका गुरुङका पुर्खा कौक्ह्त्याल र लामछाने थरका गुरुङका पुर्खा पुरुक्ह्त्याल लमजुङ दरबारको धर्मसभामा गए ।

३. सोही पुस्तकको पृष्ट ४५को दोस्रो हरफमा, साबिक लमजुङ र हाल कास्की जिल्लामा मादीगंङ्गाको बायाँ किनारमा याङजकोट अवस्थित छ । अघि लमजुङका राजा यशोब्रम्ह शाहको पालामा लामा थरका गुरुङहरुको न्हेज (प्रथमस्थल) वर्तमान लमजुङको उपल्लो घनपोखराको कदलैंदेखि माथिको लमचुँबाट क्ह्रोंगि लामा थरका गुरुङको एउटा शाखा कास्कीको सिक्लेस, पल्चेफाँट बिर्ता पाएर सिक्लेसको कन्बमा आएर बसेका थिए । यसरी चिलि-कन्ब सिक्लेस-कन्ब) आएर बसेका क्ह्रोंगि लामा गुरुङहरुको चिलि-कन्ब (सिक्लेस-कन्ब प्रथमस्थल) भयो । कालन्तरमा चिलि-कन्ब न्हेजका

कुग्याल्बु क्ह्वोँगि लामा गुरुङ सिक्लेसबाट वर्तमान याङजकोट आए । त्यसबेला याङजकोटको नाम प्हजुक्वे थियो । कुग्याल्बु क्ह्वोँगि लामा गुरुङ प्हजुक्वे आएपछि उनले ६ गाउँको छडी पगरी र मीर उमरा पद पाए । ६ गाउँको छडी पगरी र मीर उमराली पद पाए पछि कुग्याल्बु क्ह्वोगि लामा गुरुङले त्यहाँ कोट खडा गरेर मौलो गाडे । गसरी कुक्याल्बु क्ह्वोँगि लामा गुरुङले ६ गाउँको छडी पगरी र मीर उमराली पद पाएर खडा गरेको कोट हुनाले उक्त कोटको नाम गुरुङ भाषामा योँचुँक्वे नाम रह्यो ।

४. भूपू माननीय नन्दजङ गुरुङको कार्यपत्रको बुँदा नं ६ लमजुङमा शाहहरुको उदय शिर्षकमा लेख्नु हुन्छ, शाही राजासंग मिलेर जुग भुजने स्थिति (दीर्घकालिन) बन्दोबस्त नगरी भएन भन्ने मतो बाँधेर लामा गुरुङका जिज्यु कुबिक्ह्याल र सबक्ह्याल, घोतानेको जिज्यु कौक्ह्याल र लामछ्यानेको जिज्यु पुरुक्ह्याल यशोब्रम्ह शाहको धर्मसभामा गए । त्यहाँ सदाम पाँडे, बिजै थापा, जैसर बोहरा, हीरामणि राना, शिबसर खनाल, रामसर अर्याल, दामु दुरा सबै बसी यशोब्रम्ह शाहले ती गुरुङहरुसंग कुरा गरे । तिमी गुरुङहरुले धर्म छाड्यो भने म पनि कालु शाह जसरी मारिनेछु । त्यसै हो भने के कुरा गर्नु, तिमीहरुले धर्म राखिदियो भने म लमजुङको राजा हुन पाउने छु, के भन्छौ भनेर यशोब्रम्ह शाहले

यति बचन बोलेपछि त्यस धर्मसभामा गएका ती चार बुढा (खे प्ली)ले महाराजबाट स्थिति बक्सन्छ भने हामी राजा मान्दछौ, धर्म फरक पर्ने छैन भनेर बचन दिए ।

५. होमा थकाली (गुरुङ)द्धारा लिखित 'गुरुङ जातिको उत्पति र धर्म संस्कृति' २०६७ काठमाडौंको पृष्ट नं ९१को अन्तिम परिच्छेदमा यसरी लेखिएको छ । गुरुङहरुसंग मितेरी लगाई कबिक्याल, सबक्याल, पुरुक्याल र कोकिल तमूलाई हातलिई, उनीहरुको सहयोग लिएर पोजो भन्ने ठाउँमा घले राजालाई षड्यन्त्र गरी मार्ने योजना बनाए । उनीहरुको योजना पूर्णरुपमा सफल भयो । जसबम शाह पनि भनिने राजा यशोब्रम्ह शाह विसं १५५० असार १५ गते रविबार दशमीका दिन राम्रो लगन पारेर लमजुङको गद्दीमा बसेका थिए ।

६. क्याप्टेन डम्बरसिँ गुरुङद्धारा लिखित 'रिभानचौर ङेह्रो पैगिलामाहरुको वंशबृक्ष' २०६८को पृष्ट २३को अन्तिम लहरतिर यसरी लेखिएको छ । त्यसकारण (हरियो धानको नल) भन्न हामीले पाएनौ, पहेलो (धानको बाला) भन्न हामीले पाएनौं, तसर्थ ठकुरी राजासंग मिलेर जुग भुजने थिति (दीर्धकालिन बन्दोबस्त) नगरी भएन भन्ने मतो बाँधेर लामा गुरुङका जिज्यु कुबिक्ह्याल र सबुक्ह्याल, धोतानेका जिज्यु कौक्ह्याल र लामछानेका

जिज्यु पुरुक्ह्याल यी खेप्लि (चारबुढा) यशोब्रम्ह शाहकहाँ गए ।

यसरी लमजुङमा यशोब्रम्ह शाहको एकछत्र राज्य कायम भएपछि राजा थाप्ने खसान्त भाइ (खस बाहुन) र टिका दिने (राजा मान्ने) शेषन्त भाइ (गुरुङ) सबै बसी थिति थामेर गुरुङ उमराहरुले जग्गा आवाद गुल्जार गरे । अधि जगदिखान शाहीको पालामा म्हिनकुगिले खोरिया फाँडेर जग्गा आवाद गरेका गाउँको त्होये ल्हे (मौलो मुखिया) भए । यही क्रममा लमजुङका पैगीलामा कुलका एक शाखाले नमजु मौलोको पद भार सम्भाल्न आएको हो । विसं १८६२ सालमा बाहुनको कुश बिर्ता र देवी देउताको गुठी हरण भएता पनि बिसं १८६६सम्म लमजुङ चार नाल र उभो खोला समेतका गुरुङ उमरा-हरुको अधि यशोब्रम्ह शाहको पालामा बाँधिएको थिति अनुसार जाँचको केही माफ गरी अधिको रीति तिरेर जग्गा आवाद गुल्जार गरी भोग गर्न पाउने सुबिधा कायम थियो ।

७. उमे लिपिमा लेखिएको ‘लमखबेलछे’ भन्ने ग्रन्थमा लेखिएको गुरुङको वंशवलीको सारंश अनुसार, लमचुँबाट शाखाबन्दि हुदै गएका थरीलम भाइहरुको इतिहास धेरै लामो छ । कुकोंलिँम्हारको खबर च्यन । सफुँती ख्याल्सको ज्याँबरु च्यनदेखि, हरिच्यन, महाच्यन, रिपु च्यन, अरच्यन, बिरच्यन र पैमदग्र्यो च्यन (७ पुस्ता) ।

ठिनी ख्याल्सको खोर्लोह्निन्पोछे नोच्यनदेखि, थोरच्यन, फैबच्यन, स्यारच्यन, बीरच्यन, थाकच्यन, लोकच्यन र कर्मच्यन गरी (८ पुस्ता) । ख्होलसौँथरको लम नो च्यनदेखि, लम ख्होइडुच्यन, नम गम्पोपच्यन, उग्र्यान च्यन, तमच्यन, उबलच्यन, समरच्यन, उबच्यान, पोलोच्यन, मिँथेच्यन, फलच्यन, पैडी नोच्यनको (१२ पुस्ता) । उनको जेठो थोरच्यन, माइला फैबच्यन र कान्छो स्यारचन हुन् । जेठो थोरच्यन कोनको खे । माइला फैब च्यन लमको खे । कान्छो स्यार च्यन लेमको खे । फैबच्यनको छोरा पैमउँ ग्याल हुन् । फैल्हु त्हुरबको सवालमा दौथर र वर्तमानमा जहाँ अहिले बसोबास गरिरहेका छन्, यस बाहेक कोन, लम र लेममा कुनै भिन्नता रहेको पाइदैन । यसमा फैबच्यनको (२० पुस्ता) गरी कुल मिलमएर ४७ पुस्ता हुन आउने देखिन्छ ।

८. लमजुङ जिल्ला, साबिक मालिङ गाउँ पञ्चायत, हाल क्होलसौँथर गाउँपालिका वडा नं ३, मालिङ गाउँका जिमु केरजङ गुरुङको घरबाट २०४७ सालमा मेरो पिता लम नाम बहादुर गुरुङले सरोट गरिएको र २०६६ सालमा मैले सरोट गरेको गुरुङको वंशवलीमा लेखिए अनुसार, कोन, लम र लेम भाइहरु पैडी नोच्यनका नातिहरु हुन् । उनीहरुको परिवारको संख्या धेरै भयो । आपासमा कुटुम्ब लाउन पनि नहुने अवस्था थियो । त्यसैले, भाइहरुकोबीचमा मतो भयो । अब हामीहरु

आपासमा कुटुम्ब चलाउने । तर, कसरी चलाउने भन्ने बारेमा छलफल हुँदा, तीन भाइले आ-आफ्नो स्थानबाट आगो धुवाउने । त्यो धुँवा आकासमा गएर आपासमा मिल्यो भने, हामीले आपासमा कुटुम्ब लाउने । मिलेन भने नलाउने भनि तीन भाइले आपासमा आचाबाचा बोल्यो । निर्धारित समयमा कोनको खे कौक्ह्यालले कोनेयार्दीबाट, लमको खे कुबिक्ह्यालले लमचुँबाट र लेमको खे पुरुक्ह्यालले फिब्रौंबाट एकैसाथ धुवायो । कालन्तरमा ती धुवा आकासमा गएर एक आपासमा मिल्यो । यसरी धुवा मिलेको हुनले आचाबाचा अनुसार कुटुम्ब लाए । यसरी बाचाबन्धन गरेर कुटुम्ब लाएको हुनले यो तीन भाइलाई बाचकी कुटुम्ब भन्दछन् । कताकही धुवासे कुटुम्ब पनि भन्दछन् ।

९. चोग डीबी गुरुङद्वारा लिखित ‘तमू क्योए दे प्यक्ष्या’ २०७२ काठमाडौंको पृष्ट २६०मा लमचुँको परिभाषा यसरी लेखिको छ । गुरुङहरुको आदिम राजधानी ख्होल-सौँ-थर छत्रभंग भएपछि गुरुङहरुले कास्कीका तप्रङदेखि लमजुङको इलुमपोखरीसम्म गाउँ बसाले । यसरी गाउँ बसाल्ने क्रममा पैमउँ ग्याल भन्ने एक जना लमले आफ्नो परिवार लिएर साबिकको घनपोखरा डाँडाको माथिल्लो डाँडामा आएर बस्ती बसालेको हुनले त्यस स्थानलाई ‘लमचुँ’ अर्थात (लमले स्थापना गरेको स्थान वा लम बस्ने डाँडा) भनेर भनियो । लमचुँलाई हाल

लमजुङ भनेर भनिन्छ । यो लम भन्ने शब्द नमको पर्यावाची हो ।

१०. प्रा. पदम बहादुर गुरुङ 'प्रवासी' बेल्जियमद्धारा लिखित 'नजरे गाउँको वंशवली' २०२२को पृष्ट ००मा नोचन खोर्लो ह्विम्पोछेका तीन भाइ छोराहरु शिर्षकमा यसरी लेखिएका छन् । गुरुङ जातिको उठान चनवंशबाट भएको मान्निछ । तर, चन भन्नले चारतबाट प्रबेश गरेको आर्य नश्लका 'चन' नभैइ चीनबाट प्रबेश गरेका राजा नोचन वंशका नश्ल हुन । बिभिन्न स्थानमा बसोबास गर्दै पछि हिमालयको काखमा अवस्थित क्होलसोँथरमा आएर स्थागी रुपमा बसोबास गरेका यी गुरुङहरु नोचन खोर्लोह्विम्पोछेका सन्तान हुन् भन्ने कुरा तमू जातिको इतिहासले प्रष्ट गर्दछ ।

११. ताङतिङ निवासी मेजर बालसिँ गुरुङ एमभिओले फेब्रुअरी २५ शनिबार, २०२३ मा मेरो इमेलमा पठाउनु भएको प्रतिकृयात्मक लेख युनिकोडकै अवस्थामा यहाँ कपि एण्ड पेस्ट गरेको छु । मैले प्रितिमा कन्भर्ट गर्दा, कुनै कुराहरु तल माथि पो गर्यो कि भन्ने भ्रम पनि हुन सक्दछ । त्यसैले इमेलको हुबहु राखेको छु ।
पैंड़ी परिवारमा जन्म लिएको भएता पनि पैंड़ी बिद्याको अभाव तथा अध्यायनको कमिले गर्दा डि.बी जी को आग्रह अनुसार पुरखौली इतिहासको जानकार एवं योग्य ब्यक्ति म होईन।तथापि २५ वर्ष अघि डा.जगमान ज्युको लामा गुरुंगको अभियान बाट प्रेरीत भएर तमुहरुको संस्कृति,संस्कार र इतिहास बारे चासो

राखदै आएकोछु।त्यसर्थ डि.बी जी बाट प्रेसित वा उठान गर्नु भएको बिषयमा केहि प्रतिक्रियात्मक शैलीमा लेखने जमर्को गरेकोछु।

अहिले सम्म लेखिएका अपूर्ण पूर्ख्यौली इतिहासलाई पूर्णता दिने अठोटका साथ डि.बी पैंगीलम जी ले कलम चलाउने हिम्मत गर्नु आफैमा स्वागत योग्यछ।लिखित दस्ताबेजको अभावले गर्दा जनश्रुति र पच्यु खेगीहरुको मौखिक बेदलाई आधार मान्नु बाहेक अन्य विकल्प नरहेकोले इतिहास लेख्न सहज भने छैन।ऊहिले जित्नेको मात्र इतिहास लेखिनछ भन्ने मान्यता भएको हाम्रो समाजमा अहिले,लेख्नेको पनि इतिहास लेखिनछ भन्ने महसुस भएकोछ।तथापि हामीलाई ज्ञान गुणका कुराहरु पस्कंदै आउनु भएका बिद्धवानहरुको सम्मान गर्दै,केहि अब्यबहारीक तथा असानदार्र्भिक लागे,त्यसमा रबर छाप लाउनु भन्दा कसी लाउनु बुद्धिमता होला! बिधि र विधानमा जस्तो संशोधन गर्ने छुट इतिहास लेखनमा नहोला त्यसर्थ ढ़िलोहोस तर सत्य तथ्यमा आधारित इतिहास लेख्नु आजको आवश्यकता हो,यसको लागी सम्भव भए सम्म सम्बन्धित भुगोलको स्थलगत भ्रमण गर्न सके सहज हुने थियो कि!

यहांले बिषयको श्रीगनेश नै लमचुं बाट शाखाबन्दि भएका लमथरका भाईहरु बाट गर्नु भएको छ।तर पुर्खाहरुको बसाई सराईको क्रम माथि बाट तल वा अग्लो बाट होंचो,सेपिलो बाट पारिलो अर्थात् उतर बाट पुर्व दक्षिन तर्फ सर्दै आएको देखिनछ त्यसर्थ सबै भाईहरु लमचुं बाट शाखाबन्दि भएको भन्ने बारे अस्वस्त हुन सकिरहेको छैन।तमु सभ्यताको उदगम स्थल क्वोल सोंथर नेपालको Topographic map अनुसार साबिक लमजुम ६ गाउ मध्ये ताँगतिंग(हाल मादी २ कास्की) को सिमा अन्तर्गत पर्दछ।त्यसर्थ बिगतमा क्वोल सोंथर लमजुम ज़िल्ला अन्तर्गतनै रहेकोले कतै लमचुं बाट नभई लमजुम बाट शाखाबन्दि भएर गएको हो कि? पच्यु खेगीहरु र स्थानीय जनश्रुति अनुसार क्रोंगीलम,पच्यु,ल्हेउरी बेदले निपुण भएका समुह मेउरीच्ये,पोदमी,ड़ाडाखर्क हुंदै सिकलेस कनवा तर्फ,म्हिगीलम नौह्ती,चिसा हुंदै घनपोखरा तर्फ र पैंगीलम तउरे, चुह्रों हुंदै नौचु तर्फ गएको कथन बाट लमचुं बाट शाखाबन्दि भएको त्यति सानदार्र्भिक़ देखिदैन।

लमचुं बाट अभिभ्रंग्स भएर लमजुम भनिएको सन्दर्भमा म सानो छंदा एकजना लामो जुंगा भएको राजाले राज गरेकोले ज़िल्लाको नाम लमजुम रहन गएको भनि पढ़ेको संझनाछ।यदि लमचुं बाट लमजुम ज़िल्लाको नामाकरण भएको हो

भने लामा गुरुंगहरुको लागी गौरवको बिषय होला,तर गौरव रोजने कि सत्यता? यहि सन्दर्भमा नेपालको सबै ज़िल्लाको नामाकरण कहिले भएको खोजी गर्नु पर्ने देखिनछ।ज़िल्ला नामाकरणमा आवश्य पनि राज्य सत्ताको प्रभाव रहनछनै,त्यसर्थ घले राजाको न्हेज,त्यस पछिको शक्ति र बहुसंख्यामा रहेको लामछानेको न्हेज छोडेर एउटै मात्र लामाको न्हेज बाट ज़िल्लाको नामाकरण भएकै होला त? खुलदलीछ।

अनुसंधानकर्ता डा.टेकबहादुरले ३००० वर्ष पुर्व,मुस्ताङमा गुरुंग सहित मानव बस्ती रहेको दाँतको DNA परिक्षण बाट ठहर गर्नु भएकोछ भने २५०० वर्ष पहिले तमुहरु क्वोलसोंथर आएको भन्नु हुनछ।तमुहरुको प्येतां ल्हुतांमा २५०० वर्ष पुर्व,गोठालोहरु संग भेट भएको न्होचन खोर्लो ह्मिमर्क्षे र तिब्बतको संक्षिप्त इतिहासमा न्यत्र-चन भनिने व्यक्ति एउटै हुन भनि भोबर पाल्जे तमु र यारजंग क्रोमछै भन्नु भएकोछ।डा.जगमान क्रोंगीलमका अनुसार न्होचन खोर्लो ह्मिमर्क्षेका ३ भाई छोराहरु थोर्चन(कोनमै खे) फैबचन(लममै खे) स्यारचन(लेममै खे) हुन।फैबचन को छोरा वा न्होचनको नाती पैंमओमग्यालले लमचुंमा बस्ती बसालेको र घले राजाको सेनापति रहेको र घले राजाको अवसान पछि वा पनद्रौं सताब्दीको मध्य तिर अर्थात् ६०० बर्ष अघि शाह राजालाई भेटन जाने समुहको नेतृत्व गरेको डि.बी ज्यु ले उल्लेख गर्नु भएकोछ। न्होचन खोर्लो ह्मिमर्क्षे र पैंमओमग्याल बिचको बंश अन्तर लगभग ७०/८० वर्षको देखिनछ।विज्ञहरुले औँल्याएको २५०० वर्ष अघिको न्होचन र ६०० वर्ष अघिको पैंमओमग्याल, बाजे नातीको सम्बन्ध पट्टकै मेल खाएको देखिदैन।साथै डि.बी जी ले पैंमऊंग्याल लाई कुबिग्याल,पुरुग्याल पनि भन्दछ भन्नु र डा.जगमान ज्यु ले पुरूक्याल शाह राजाले बोलाएको धर्म सभामा लेमको प्रतिनिधिको गर्दै उपस्थित भएको भनाई बाट इतिहासको बिस्वासनीयतामा धक्का लागछ कि!

देश विदेशमा छरीएर रहेका लामा थरका तमुहरुको बंशावली प्रकाशन गर्ने उदेश्यका साथ डा.जगमान ज्यु को पहलमा २०५४ सालमा एउटा कार्यसमिति गठन भएको थियो।उक्त समितिले तमुहरुको बाहुल्य रहेका विभिन्न ठाउंहरुमा अन्तरक्रिया कार्यक्रम संचालन गरी आफ़नो कुल, वंश, संस्कृति र संस्कार बारे ज्ञान प्रबाह गर्न र अनापेक्षित जागरण ल्याउन सफल रह्यो।लमचुं वा लमले बस्ती बसालेको व्याख्याकैआधारमा लमचुंमा राष्ट्रीय भेला गर्ने तय भए पश्चात क्रोंगीको डमरबहादुर सिकलेस,म्हिगीको गंजसिंग पस गाउ,पैंगीको नन्दजंग ताँगतिंग,टंगीको तर्फ़ बाट(प्रष्ट भएन)युद्धजंग फ़िब्रो,व्यक्तित्वहरुलाई कार्यपत्र लेखन तथा प्रस्तुत गर्ने भनिए पनि ब्यबहारमा (संभवत लेखन पनि) क्रमै संग

डा.जगमान,बिरबहादुर,ब.अधिबकता कृष्णबहादुर र नेत्रबहादुर ज्यु हरुले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो।३ थरि भाईहरुको कार्यपत्रको मुल सार,गण्डक क्षेत्रमा पुर्खाहरुको आगमन उत्तर दिशा बाट भएको भनाई र टंगी भाई हरुले दक्षिण(काशी) बाट प्रबेश गरेको भनाई थियो।फिब्रो टंगी बारे पोखरामा भएको अन्तरक्रिया कार्यक्रममा स्व.नन्दजंग ज्युले टंगी,म्हिगीको हांगाको हुनु पर्ने धारणा राखनु भएको थियो, क्वोलसोंथर बाट म्हिगीलम मात्र भलम चौर तर्फ गएको भन्ने वहांको आसय थियो तर क्रोंगीमा समेटियो।यी बिषयहरुमा मतान्तर बढदै अन्तरद्वन्द चर्कियो र २०५६ मा आयोजित भलम चौरको राष्ट्रीय भेलाले अपेक्षित उदेश्य तथा सफलता प्राप्त गर्न सकेन।त्यसर्थ निष्कर्ष बिनाको घोषणा पत्रलाई नजीरको रूपमा लिनु निरर्थक देखिनछ।

हो,डि.बी जी ले भने जस्तो कुनै पनि उठेका,उठाएका बिशेष त वैज्ञानिक प्रमाण बिनाको बिषयमा मसिनो केलाएर हेर्नु पर्दछ।तर लमचुं न्हेज़लाई मात्र बढवा दिएर घुमाउरो शैलीमा अन्य न्हेजको अस्तित्वमा संकट निमत्याउने यहांको आसय झल्किनछ।यदि लमचुंलाई पहिलो बस्ती मान्ने हो भने ३ घरे तमुहरुको प्रथम पुर्खा न्होचन खोर्लो ह्मिरक्षे र लमहरुको प्रथम पुर्खा फैबचन लगायत पुर्खाहरुले विभिन्न ठाऊहरुमा बसाई सर्दै आएका खेगीको मौखिक बेद र वैज्ञानिक पुष्टि भएको मुसताङ,ऐतिहासिक क्वोलसोंथर आदि न्हेजको परिभासा भित्र पर्छ वा पर्दैन! मनन गर्ने कि? पैंमओमग्याल न्होचन ह्मिरक्षेको नाती नभई कथित लामा न्होचन वा पैंडी न्होचनका नाती हुन भने (यदि न्होचन ह्मिरक्षे अस्तित्वमा आएको २५०० वर्ष पुर्व नभई १५०० वर्ष पुर्ब मान्ने हो भने पनि) लगभग ९०० वर्षको अन्तरालमा फैबचन देख़ी पैंड़ी न्होचन सम्मका पुर्खाहरुको एक एक जना मात्र छोरा जन्माएको हुनु पर्छ,के यो ब्यबहारिक देखिनछ! भौगोलिक आवस्थलाई नियालदा क्वोल सोंथर बाट नौचु(नमचु) र सिकलेस भन्दा लमचुं(भलम चौर)लगभग ढाई-तीन गुना टाढ़ा पर्दछ,बसाई सराईको क्रमलाई नियालदा के पैंगीलम र क्रोंहगीलमका पुर्खाहरु लमचुं गएर त्यहांबाट नौचु,सिकलेस फ़र्केको होलान ?

३ भाई बेग्ला बेग्लै डाडा बाट आगो बालेर धुवाँको आधारमा बैबाहिक सम्बन्ध कायम गरेको कथा सुनिआएकै हो।डि.बी जीले,आगो बालेको लमजुमको विभिन्न डाडाको नाम तोकनु भएकोछ,जुन संभवत १५ औं शताब्दी तिर हुनसकदछ।तर इतिहासबिद तथा प्येतां ल्हुतांमा ३००० वर्ष अघि चर्चा गरिएका न्होचन ह्मिर्क्षेको ३ भाई पुत्रहरुको बिबाहको प्रसंग लगभग ६०० बर्ष अघि मात्र

लमजुममा भएको ब्याख्या ले हाम्रा पुर्खाहरुको बसाई मुस्ताङ,क्वोलसोंथर पहिले की लमजुम पहिले? प्रश्न गांजिएकोछ!

क्वोलसोंथर नजिकको लामों चौरमा गाडेको ढुगा,घले राजाको घोड़ा बांधने ढुगा भनेर सुनदै आएकोमा अहिले मौला भनिएकोछ।के पनद्रौ सताब्दि मध्यतिर घले राजालाई बिस्थापित गरेर हिन्दु शासक(शाह बंश)आगमन पुर्ब क्वोल सोंथरमा दशैं मनाउथ्यो होला?

संस्कृतबिद होमा(थकाली) गुरुंग अनुसार तमु प्येतां ल्हुतांमा ३ घरे तमुहरु मनांगको "नार"मा लामा विद्या सिक्न गएको र अध्यायन पछि बुद्ध धर्म अनुसार कर्म संस्कार गर्ने भए पछि लामाथरको बिकास भएको हो।साथै क्वोल सोंथरमा तमु राज्य अस्तित्वमा हुँदै दक्षिण बाट (शाह)हिन्दुहरुले स्यांगजा लगायत राज्यहरु कब्जा गर्रि अघि बढेको परिस्थितिमा आफ़नो राज्यको सुरक्षाको लागि घले राजाले संभावित दुश्मनको गतिविधि नियाल्न (OP)नौचु डाडामा केहि मानिस खटाएका हुन सकदछ।

अन्तमा अहिले सम्म केहि बिद्वानहरु बाट लेखिएका इतिहासमा पनि मतान्तर देखिए बाट माथि उल्लेखित यावत बिषयमा थप अध्यायन तथा कसि लाउनु पर्ने देखिनछ।

सेवथेबा,खे.म नेबा,फैल्हु साबिक लमजुम ६ गाऊँ हाल कास्की ताँगतिंगका पैंगीलमको प्रत्येक घर परिवारले ओम्,बोम गरी बर्षमा २ पटक सेव थिपा(खे.मा नेबा)पित्री पुजा गरि आएकोछ।फैल्हु पुजा खेगीलमले मात्र गरि आएकोछ।

बालासिंग पैंगीलम

**मेजर बालसिँ गुरुङ नेपाल पैगीलम (लामा) परिवारको केन्द्रीय अध्यक्ष हुनुहुन्छ । उनको कार्यकालमा के कति कामहरु भए ? उनकै लेखाइ र भनाइको शैलीबाट बुझ्ने प्रयास गर्नु होला ।**

# ९. मेरो अनुभवको निस्कर्ष:

१. अहिलेसम्मको मेरो ब्यक्तिगत अध्यान र अनुसन्धानले के स्पष्ट गरायो भने, कुल, कुलदेवता (फैल्हु) हिदम, इष्टदेवता र धर्ममाल भनेको सारमा एउटै भएता पनि यसको परिभाषा र साधनामा भने केही भिन्नता रहेको पाइन्छ । धर्मपाल भनेको पूर्णरुपमा धर्मको पालना गर्ने हो । उदाहरणको लागि गौतम बुद्धको १२ जना धर्मपालहरु थिए । जसमा सारिपुत्र, मौदगल्याण, काश्याप, कौण्ड्य, आनन्द, राहुल, यशोधरा, बिम्बिसर, अनाथपिण्डक, अम्रपाली, अहिंसक र उपाली थिए । सारिपुत्रलाई बुद्ध शासनको धर्म सेनापति पनि भन्दछ । यी धर्मपालहरुले अप्ठेरो परिस्थितिमा पनि आचार संहिताको पालना गर्दै, बुद्ध धर्मको प्रचार, प्रसार र संरक्षण गरेका थिए । प्रत्येक धर्मपालको आ-आफ्नै धर्मपालहरु थिए । महाजातक र बोधिसत्व नामक साहित्यमा यी कुराहरु स्पष्टसंग उल्लेख भएको पाइन्छ ।

२. भोट भाषामा 'हिदम' र नेपालीमा 'इष्टदेवता' भन्ने भावर्थ एउटै हुन आउछ । हिदम र इष्टदेवता आफ्नै कुलको हुनु पर्छ भन्ने पनि छैन । शाक्तिशाली र परम् ज्ञानि भए हुन्छ । पुरेत लम, लामा, आचार्य वा उपासना गर्नेहरुले भक्तिभाव गरी आफ्नो हिदम वा इष्टदेवद्धारा

वरदान प्राप्त गर्ने गर्दछन् । ती वरदानलाई आफु अनुकुल प्रयोग गर्न पनि प्रेरित गर्ने गर्दछन् । कहिलेकहि ब्यक्तिगत प्रलोभन र द्धेषका कारण शक्तिको दुरुपयोग भएको पनि कैयौन उदाहरणहरु शास्त्रैले दिएका छन् ।

३. अब आयो कुल र कुलदेवता (फैल्हु)को कुरा । नेपालीमा कुल भन्नले आफ्नो पितृ मातृहरुलाई जनाउछ । यसलाई गुरुङ भाषामा (खेमा) भन्दछन् । कुलदेवता भन्नले कुलको विशेष देवता हो । अर्थात कुलको बिशिष्ट, उत्कृष्ट, शाक्तिशाली, प्रभावशाली, करुणवान, परम् बिद्धान र ज्ञानिलाई मान्ने गरिन्छ । गुरुङ भाषामा (फैल्हु)को अर्थ हो फैँब । यो सन्धि शब्द हो । यसमा फैँब+ल्हु= फैँल्हु भएको छ । गुरुङ भाषामा फैँब भनेको रोजनु र ल्हु भनेको देवता हो । यस अर्थमा भन्नु पर्दा, रोजह देवता भन्ने अर्थमा बुझ्नु पर्छ । त्यसैले यसको नाम पनि फैल्हु रहन गएको हो ।

४. गुरुङ भाषामा पितृपूजालाई (खेमानाँब) र कुलपूजा लाई फैल्हुछेब वा फैल्हुथैँब भन्दछ । कुलपूजामा आफ्नो कुलको सर्बोकृष्ट पितृहरु मध्येको एक जनालाई फैँल्हु देवताको रुपमा मानेको हुन्छ । त्यो पूजामा उनैको जीवन गाथा पढने र स्तुति गरिन्छ । पितृपूजा भनेको असोज महिनाको शुक्लपक्षको फूलपातीको बेलुकी (दौथर त्हुरसी) गरेर सम्पूर्ण पितृहरुको नाम पुकारेर पूजा

गरिन्छ । फैल्हुछेब सोही पक्षको पूर्णिमाको दिन भित्र राम्रो दिन बार पारेर गर्नु पर्छ । फैल्हुछेब गर्दा, फैल्हुको शास्त्रिय दर्शन बाचन गरी पूजा गरिन्छ । फैल्हुको राम्रोसंग साधना गर्न सक्यो भने, कुलको मार्ग दर्शन राम्रो हुन्छ । उन्नति, प्रगति, समृद्धि, सुख, शान्ति, दीर्घायु र सुरक्षित हुन्छ भन्ने मुल्य र मान्यता रहेको छ ।

५. ताङतिङ (तौँदी) गाउँबाट ७पुस्ता अगाडि शाखाबन्दि हुदै, लमजुङ ख्होलसौँथर गाउँ पालिका वडा नं १, नजरे गाउँमा बसाइँ सरेका पैगीलमहरुको परिवार संख्या देश-बिदेशमा गरी अनुमानित ५० परिवार रहेका छन् । मैले जानकारी पाएसम्म ५पुस्तादेखि लम खेगीको यजमानी निरन्तर रुपमा हुदै आएका छन् । नजरे गाउँको पैगीलम भाइहरुले खोर्लोह्विम्पोछे नोच्यन फैल्हु महाकाललाई फैल्हु, कौँरुँबलाई इष्टदेव र कुकौँलिँम्हारलाई पबित्र देवस्थल मान्दै आएका छन् । अरु भाइहरुले पनि यही अनुरुप गरेका होलन भन्ने हामीलाई पूर्ण बिश्वास छ ।

६. अब यहाँनिर अलिकति स्पष्टसंग बुझ्नु पर्ने कुरा के छ भने, ‘खोर्लोह्विन्पाछे’ भनेको चक्रचुडामणि वा त्रिकालदर्शी भन्ने अर्थ हुन्छ । ‘कौँरुँब’ भनेको कैलाशपति वा कैलाशमा बसेर सबैको संरक्षण गर्ने भन्ने हुन्छ । ‘कुकौँलिँम्हार’ भनेको कैलाश हिमाल र यसको फेदमा

अवस्थित पवित्र मानसरोवर ताल भन्ने अर्थ हुन्छ । गंगा, इन्दु र ब्रम्हपुत्र नदीको उदगम स्थल पनि यही हो ।

७. मलाई पूर्ण स्मरण छ । म सानो छदा, मेरो बाबाले पनि सेतो भेडाको छतौरी कटेर (फैल्हु) पूजा गर्नु हुन्थ्यो । म ठिटो हुने बेलामा कुखाको भाले काटेर (फैल्हु) पूजा गरेको पनि देखेँ । समय अनुकुल रुपान्तरण गर्दै, पछिपछि फैल्हुको जाली (नम्का) बुनेर जालीमा रातो र सेतो धजा झुन्डाएर, धानको लयँ भुटेर पञ्चामृत सहित फैल्हुको ढुंग्रोमा राखि कुलदेवताको पूजा गरेको पनि देखे । बाबाको शेष पछि छोटो, मिठो र सजिलोको लागि मैले पनि त्यसैलाई निरन्तरता दिएको छु । समय अनुकुल रुपान्तरण हुदै जानु पर्छ भन्ने मुल्य र मान्यतालाई हामी सबैले आत्मसाथ गर्नु पर्छ । समयको गतिलाई पछ्याउन सकेन भने, पछौटेपनको सिकार हुन सक्ने संभावना रहन्छ । यो करा ध्रुब सत्य हो ।

८. मेरो अध्यानले के छ भने, कुनै पनि देवी देवताको पूजा गरिन्छ भने त्यस बखत उनकै गुण बखान गर्नु पर्छ । यही हो शास्त्रिय दर्शन भनेको । त्यसैगरी, कुलदेवता फैल्हु पूजा गर्ने समयमा पनि उनकै गुण बखान गर्नु पर्छ । क्होगी-फिब्रोठगी, म्हिगी र पैगीलमहरु एउटै बाउको सन्तान हुन् । उनीहरु सबै लमचुँबाटै शाखाबन्दि भएका हुन् । यसबाट के कुरा बुझिन्छ भने, उपरोक्त

भाइहरुको "न्हँस र फैल्हु" एउटै हुनु पर्ने हो ? तर, यसो भएको देखिएन ? प्राज्ञहरु, पैडीहरु, चोगहरु, अग्रजहरु, लमगुरुहरु कहाँ अल्मलिएका छन् ? हामी कहाँ चुकेकाछौं ? कमिकमजोरीलाई सच्याएर कोर्स करेक्शन गरी फैल्हुनाँब वा छेबको (प्ये) शास्त्र पढेर शास्त्रिय दर्शन अनुसार गर्न गराउन आवश्यक देखिन्छ । शास्त्रिय दर्शनको मूलपाठ पृष्ट ४८को बिधिबिधानमा हेर्नु होला ।

९. हरेक वर्ष असोज शुक्लपक्षको (फुलपाती) सप्तमीको बेलुकी पितृपूजा (खेमानाँब) गरिन्छ । (खेमानाँब) भनेको फुलपातिको साँझ दौथर अनुसार आफ्नो पितृहरुको नाम पुकारी अर्घम् पुष्पम् धूबम् दीपम् सुगन्धम् नैबेतम् सर्वपरिकार महापञ्च अमृत स्वाहा । यसो भन्नुको अर्थ के हो भने, पिउनका लागि मिठो पानी, मालाको लागि उत्कृष्ट फूल, बास्नका लागि उत्कृष्ट धूब, प्रकाशको लागि ध्यूको दीप, सुगन्धित वातारणका लागि सुगन्ध, भोजनका लागि उत्कृष्ट नैवेत सहित सबै प्रकारको पञ्च अमृत सरहको भोजन ग्रहण गर्नुहोस् भनेर (खेमा) मातृ र पितृहरुलाई आग्रह गर्नु हो । त्यसपछि पूर्णिमाको दिनसम्ममा राम्रो दिनबार हेरी बिहना (फैल्हु)को बिधिवत रुपमा (प्ये) शास्त्रिय दर्शन अनुसार फैल्हु पूजा गरिन्छ । बेलुकी सह बटुल्नका लागि रत्नसुत्र अर्थात ( ह्यौँखुब) गररिन्छ । यसो गरेपछि अन्नपानीको थिरोफारो हुन्छ भन्ने शास्त्रिय मान्यता रहेको छ ।

१०. लमचुँ प्रथम अवस्थल (न्हेँस) भएको पैमउँ ग्यालसम्म २९ पुस्ता । पैमउँ ग्याल पछिको १८ पुस्ता गरी जम्म ४७ पुस्तासम्मको वंशबृक्ष स्पष्ट भैसकेका छन् । लगभग ४७ पुस्ताको वंश इतिहासमा (गन्पो छ्याग्शिपा र पलदेनल्हमु) कही पनि जोडिएको देखिएन । यदि उनीहरु हाम्रो वंशसंग कहिकतै जोडिएको छैन भने, हाम्रो कुलदेवता हुन सक्दैन । पशुपतिनाथ र मनकामना शक्तिशाली भए पनि उनीहरु हाम्रो कुलदेवता हुन सक्दैन । यो कुरामा हामीहरु स्पष्ट हुन पर्छ ।

११. यस विषयमा स्रोत ब्यक्तिहरु, चोगहरु, पैडीहरु, चिबहरु, लमगुरुहरु, अग्रजहरु र प्राज्ञहरु सबै बसेर बृहत छलफल गरी सत्य तथ्यलाई उजागार गरी भावी पुस्तालाई लिखित दस्तावेज हस्तान्तरण गर्न आवश्यक महशुस भएकोले छलफलको लागि यो बिषय प्रस्ताव गरिएको हो । यहाँहरुको प्रतिकृया, उत्कृष्ट सल्लाह र सुझावहरु केही भए, खुल्ला मनले इमेलमा लेख्नु होला । संभाव भएसम्म उत्तर दिने प्रयास गर्ने छु । हाम्रो कुलदेवता (फैल्हु) पूजाको शास्त्रिय दर्शन र मौलिक बिधि बिधानमा प्रकाशन गरिनेछ । ऊँ कुलदेव खोर्लोह्रिम्पोछे नोच्यन फैल्हु महाकाल नमः

१२. आर्को कुरो कुलदेवता (फैल्हु)को सवालमा प्राज्ञ डा. जगमान गुरुङले यो पुरेतहरुको हो । यो यजमानीहरुको

हो भनेर स्पष्टसंग भन्नु भएको छैन । वहाँले सबै कुरा जानेर बुझेर पनि किटानसाथ भन्नु भएन । मेरो बुझाइमा (गन्पो छ्यारिशपा र पलदेन ल्हमो) पुरतनवादी लमहरुको ‘हिदम’ हुनु पर्छ भन्ने ठम्याइ रहेको छ । किनभने प्रत्येक खेगी, सम्प्रदय र समूहको हिदम, इष्टदेव र धर्मपाल अलग अलग हुदोरहेछ । अलग अलग भएको हुनाले एउटै सम्प्रदयको लम, लामा वा आचार्य गुरुहरुको पूजा बिधि र जग्गे स्थापनामा पनि फरक हुदोरहेछ । यही कारण उठान र बैठानमा फरक भएको देखियो । तर, मूल सूत्र पाठमा भने फरक देखिएन ।

१३. मेजर बालसिँ गुरुङको लामो प्रतिकृयात्मक लेखमा थुप्रै असहमति र असन्तुष्टिका भावहरु कुटनीतिक शैलीमा प्रकट गरेको अनुभूति हुन्छ । तर, नेपाल पैगीलम (लामा) परिवारको अध्यक्ष त वहाँ आफै हुनुहुन्छ नि ? पैगीलमहरुको बारेमा कसैले गलत बिषयको उठान गर्यो भने, नीतिगत निर्णय गरी कार्यन्वयन गर्न सक्नु पर्छ नि ? सामुहिक छलफल गरी सच्याउने प्रयास गर्नु पर्छ नि ? पाठकहरुले झै घुमाउरो प्रतिकृया लेखेर अध्यक्षको जिम्मेवारीबाट पन्छिनु मिल्छ ? यो कस्तो नैतिकता हो ? बालसिँ गुरुङको प्रतिकृयालाई बुँदागत रुपमा स्पष्ट गराउन चाहन्छु ।

१. वहाँले अनुसन्धान कर्ता डा. टेकबहादुर गुरुङको DNA को कुरा उठाउन भएको छ । यो कुरा मुस्ताङमा

३००० वर्ष पहिले मानव बस्ति रहेको परिक्षण हुन सक्छ । तर, च्यन वंशको इतिहाससंग यो टाइम लाइन मेल खाएको देखिदैन । यसलाई सच्याउनु पर्छ ।

२. २५०० वर्ष पहिले गोठालोहरुसंग नोचन खोर्लोह्निम्पोछे भेट भएको र तमूहरु ख्होलसोँथरमा आएको इतिहास सही हो । तर, यो टाइम लाइन मेल खादैन । यसलाई मिलाएर लानु पर्छ ।

३. नोचन खोर्लौह्निम्पोछेको ३ भाइ छोराहरुमा थोर्चन, फैबचन र स्यारचन नाम भएका राजकुमारहरु ठिनी ख्याल्स र ख्होलसोँथरको दुबै इतिहासमा रहेका छन् ।

४. चन वंशको इतिहासमा नोचन भन्ने मान्छे ३ जना रहेको छ । एउटा टिनी ख्याल्सको राजा नोचन खोर्लोह्निम्पोछे, दोश्रो लम नोचन र तेश्रो पैडी नोचन हुन् । पैगीलमको नालिबेली बुझ्नका लागि यो तीन जना नोचनहरुको टाइम लाइनलाई राम्रोरी बुझ्न सक्नु पर्छ । यो कुरा लमखबेलक्ष्योएमा उमे लिपिमा लेखिएको छ ।

५. पैडी नोच्यनको जेठो छोरा थोरच्यन, माइला फैबच्यन र कान्छो स्यारचन हुन् । जेठो थोरच्यन कोनको खे । माइला फैब च्यन लमको खे । कान्छो स्यार च्यन लेमको खे । फैबच्यनको छोरा पैमउँ ग्याल हुन् ।

६. मेजर बालसिँ गुरुङले नोचन र पैमउँ ग्यालको टाइम लाइन मिलेन भन्नु भएको छ । माथिनै बुँदा नं ४ मा लेखेझै नोच्यन ३ जना छन् । यसलाई राम्ररी बुझेन भने, पैगीलमहरुको नालिबेली बुझ्न सक्दैन ।

७. पैमउँ ग्यालको ५ वटा नाम छन् । पैमउँ ग्याल, त्हनो ग्याल, पुरु ख्व्याल, ऋथे ख्व्याल र कुपि ख्व्याल । लमचुँबाट शाखाबन्दि भएका थरीलम भाइहरुले पाचैवटा नामको बारेमा जानकारी भएमा अल्मलिने छैन ।

८. डा. जगमान गुरुङज्यूले पुरुक्याल शाह राजाले बोलाएको धर्म सभामा लेमको प्रतिनिधित्व गर्दै उपस्थित भएको भनाइबाट इतिहासको बिस्वासनियतामा धक्का लाग्छ कि ? भनेर लेख्नु भएको रहेछ । तपाइँलाई त्यस्तो लाग्छ भने, एकचोटि सामुहिक छलफल गरी हेरम न त ? यस बारेमा नेपाल पैगीलम परिवारले कति पटक छलफल गर्नु भयो ? छलफलै नगरे पछि परिणाम कसरी आउछ ? एक पटक छलफल गर्ने प्रयास गर्नु होस् । परिणाम राम्रै आउनेछ ।

## १०. पितृपूजाको बिधिबिधानः

१. पितृपूजा (खेमानाँब) पूजा–
२. कुल (फैँल्हु) र इष्टदेवको पूजा–
३. रत्नसूत्र (ह्र्यौं) पूजा–

**१. पितृपूजा (खेमानाँब)को तयारीः**

१. सवभन्दा पहिले घरको एउटा कुनामा लिपपोत गर्नु ।
२. त्यसमाथि वाला वा केराको पात ओछ्याउनु ।
३. दाहिनेतिर कुलदेउताको नाउँमा एउटा दुना राख्नु ।
४. पात माथि पितृको नाउँमा दुना राख्नु ।
५. बायापट्टि अतिथि देवोभव भनेर दुइवटा दुना राख्नु ।
६. कुलदेवताबाट भात राख्दै अतिथिमा सकाउँनु ।
७. दुनामा पानी भात तिहुँन र फलफूल राख्नु ।
८. मातृ पितृको दुनामा असला माछा राख्नु ।
९. कुलदेउताको दाहिनेपट्टि ध्यूको दियो बाल्नु ।
१०. दैलोनिर स्युरी धूप हाल्नु ।

यो पितृपूजा (खेमानाँब)को उपयुक्त समय भनेको असोज शुक्लपक्षको फूलपातिको बेलुकी अन्दाजि १० बजेको समय हो । उपरोक्त १ देखि १० नंम्बर सम्मको सामग्रीहरुबाट स्थान तयार गर्न सकिन्छ । यो सामग्रीहरु स्थानीय बजारमा उपलब्ध भए अनुसार गर्न सकिन्छ । पितृपूजा बेलुकीको समयमा गरिन्छ । पितृपूजा भनेको

“पिण्ड अर्पण जल तर्पण” दिने पूजा भएकोले बाबा आमा जिबितै भएको छोराले यो पूजा गर्न मिल्दैन । अब घरमुलि शुद्धभइ पूजाको लागि तयार हुनुहोस् । निर्धारित समय र स्थानमा पद्मासान वा भद्रासानमा बस्नुहोस् । हातमा फूलपाति लिएर (खेमानाँब) पितृपूजाको लागि संकल्प गर्नुहोस् ।

ऊँ अर्घम् पुष्पम् धूपम् दीपम् सुगन्धम् नैबेतम् सर्व परिबार महापञ्च अमृत स्वाहा । आज २०८० साल असोज शुक्लपक्ष सप्तमी फुलपातीको बेलुकी १० बजे अमेरिकाको मासाच्यूसेट राज्य, चेल्सी शहर, १२० स्पेन्सर एभेन्यूमा काली बहादुरको नाती, नाम बहादुरको छोरा म धिर बहादुर गुरुङले मेरो कुल परम्परा अनुसार पितृपूजा (खेमानाँब) गरेको छु । यो स्थानको आसपासमा रम्ने बस्ने सिल्दो नाल्दो थानेमाने देवी देउता देराली भयारी नाग नागिनी ल्हल्हु देवपित्र इष्टमित्र छरछिमेक साथीभाइ सबैलाई नमोनमः । अब मैले आह्वान गर्ने मातृ पितृहरुलाई उपरोक्त देवीदेवताहरु सबैले आवत जावतमा सहयोग गर्नुहोस् । तपाइँ पितृहरु जुन स्थानमा भए पनि आजको यो पिण्ड पूजामा दौथर अनुसार पुकारिने छ । पितृहरु सबैलाई स्वागत गर्दछु । ऊँ अर्घम् पुष्पम् धूपम् दीपम् सुगन्धम् नैबेतम् सर्व परिबार महापञ्च अमृत स्वाहा । अब दौथर अनुसार नाम पुकार्दै जाने– अजि खे स्याल्दु कैँइ, अजि मा स्याल्दु कैँइ, भयो मा स्याल्दु कैँइ भन्दै दौथर अनुसार नाम पुकार्दै जाने ।

अन्तिम नाम पुकारे पछि कुनै नाम थप्नु पर्ने भए थप्ने । त्यसपछि पुनः धूपदीप गरी फेरी नाम पुकार्दै माथि आउने । सिरानको अन्तिम नाम बाचन गरे पछि, ऊँ अर्घम् पुष्पम् धूपम् दीपम् सुगन्धम् नैबेतम् सर्व परिवार महापञ्च अमृत स्वाहा । लौ यस पटकको खेमानाँबमा तपाइँ मातृ पितृहरु सबैलाई महापञ्च अमृत सरहको "पिण्ड अर्पण र जल तर्पण" गरे । यसै गरी फेरी आर्को वर्ष पनि आह्वान गर्नेछु । तपाइँ पितृहरु जुनजुन ठाउँबाट आउनु भएको थियो, त्यही ठाउँमा फर्कनु होला । ऊँ अर्घम् पुष्पम् धूपम् दीपम् सुगन्धम् नैबेतम् सर्व परिवार महापञ्च अमृत स्वाहा । भनेर पितृ र मातृको नाउँमा एक एक पटक ढोकने । यति काम भए पछि पितृपूजा (खेमानाँब)को पहिलो चरण समाप्त हुन्छ ।

## २. पूर्णिमाको बिहना फैल्हु पूजा गर्नेः

दोश्रो चरणमा, दशैको पूर्णिमाको बिहना कुलदेवता फैँल्हु पूजा गर्ने । फैँल्हु पूजा सकिए पछि इष्टदेवताको नाममा धूपदीप गरी १०८ पटक जप गर्ने ।

कुलदेवताको पूजा गर्दा, उनको (प्ये) शास्त्रिय दर्शन पढनु पर्छ । अर्थात उनको जीवन गाथा गाउनु पर्छ । उनको पूजा र गाथा यसरी गर्न सकिन्छ ।

सर्वप्रथम आसन ग्रहण गर्ने । सकेसम्म कमलासनमा नभएर सरलासन ग्रहण गर्ने । त्यसपछि मन, बचन र

चित्त शुद गरी म ................... (बाचक) आजको यो कुलदेवता (फैँल्हु) पूजाको सम्पूर्ण बिधि बिधान सम्पन्न नभइन्जेसम्म यो आसनबाट उठने छैन भनी हातमा फूलपाती लिएर संकल्प गर्ने ।

ऊँ अर्घम पुष्पम धुपम द्धीपम सुगन्धम नैवेतम सर्वपरिकार महापञ्चामृत स्वाहा । ऊँ पितृदेव नम ....... (आफ्नो पितृको नाम लिने) । मातृदेव नम ......... (आफ्नो मातृको नाम लिने) । कुलदेव खोर्लोह्निम्पोचे नोच्यन फैलु महाकाल नम । इष्टदेव नमयेनम कोँरुँब नम । त्हङेदेव नम । सिद्धिदेव नम । आयुदेव नम । ह्योँदेव नम । (ठेगान) ... यसको आसपासमा रम्ने बस्ने सिल्दो नाल्दो साक्षी थानेमाने देवीदेउता देउराली भयारी नागनागिनी ल्हल्हु यक्ष गन्दर्भ किन्नर देवपित्र कुलकुटुम्ब इष्टमित्र साथीभाइ छरछिमेक सबैलाई नमोनमः । आजको कर्ता ..................को नाति, ...........को छोरा बुहारी ...............को कुलदेवता (फैँल्हु) पूजामा उपरोक्त सम्पूर्ण देवी देवताहरु र बोधिसत्वहरु सबैलाई आह्वान गर्दछु । आह्वान गर्दछु ॥ आह्वान गर्दछु ॥।

कुन पाठ कहाँ, कहिले र कसरी गर्ने भन्ने बारेमा बाचकले राम्ररी बुझ्नु पर्ने हुन्छ । यसरी बुझ्न सकिएन भने, पूजापाठ गरे अनुसारको पुण्य लाभ हुन सक्दैन ।

नमो तस्स भगवतो अहर्तो सम्मा सम्बुद्धस्स ।
बुद्धम् शरणम् गच्छामि ।
धर्मम् शरणम् गच्छामि ।
संघम शरणम् गच्छामि ।

इतिपिसो भगवा अरहम् विद्याचरणा सम्पन्नो सुगदो लोकबिदो अनुत्तरो पुरी सद्धामा सारथी शास्त देव मनुसानो बुद्ध भगवती ।

नमो तस्स भगवतो अहर्तो सम्मा सम्बुद्धस्स ।

ऊँ नमो भगवते अपरिमिता आयुर्ज्ञान सुविनिश्चित तेजोरजय तथागताय अहर्ते सम्याक संबुद्धय तद्यथ ऊँ पुण्येपुण्ये महापुण्ये अपरिमिता पुण्ये अपरिमिता पुण्यज्ञान सम्भारो पचिते ऊँ सर्वसंस्कार परिशुद्ध धर्मते गगन समुन्द्रते स्वभाव बिशुद्धे महानय (.....) परिवारे स्वाहा ।

ऊँ महामाया दशपारमी स्वाहा ।

ऊँ यशोधरा देवी अरहत्व स्वाहा ।

ऊँ तारे तुत्तारे तुरे स्वाहा ।

ऊँ सर्वबोधिसत्व स्वाहा ।

ऊँ सर्वमहागुरु स्वाहा ।

ऊँ सर्वकल्याणमित्र स्वाहा ।

ऊँ अर्घम् पुष्पम् धुपम् द्वीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्च अमृत स्वाहा ।

ऊँ मंगल स्वस्ति भवतु । आज यहाँ सम्पूर्ण जम्बुद्वीपका अलंकार, सम्पूर्ण जगतका इच्छाहरुका स्रोत, सम्बुद्धरुपी बृक्षहरुको आश्रयको आधार, भद्र गुणहरुद्धारा अलंकृत, बोधिबृक्ष, समस्त देवता र मनुष्यको पुण्यको एक मात्र सर्वश्रेष्ठ पूजाबृक्ष बज्रासन छ । बुद्धले स्वयं जुन माङ्गलिक द्रव्यहरुलाई अधिष्ठित गर्नु भएको थियो । त्यसै अनुरुप आज म यो मंगल पाठ गर्छु ।

अतीतमा सम्याक सम्बुद्ध शाक्यमुनि गौतमलाई गुह्याधिपति बज्रपाणिले सेतो सर्स्युँ चढाउनु भएको थियो । त्यसलाई बुद्धले माङ्गलिक द्रव्यको रुपमा अधिष्ठित गर्नु भएको थियो । त्यसको बल र प्रभाले गर्दा, आजको यो फैँल्हु पूजामा सेतो सर्स्युँबाट मङ्गल होस् ।

सेतो सर्स्युँ बज्रकुलको हो । यसले सबै ठाउँमा सम्पूर्ण बिघ्नहरुलाई बाँकी नराखी नाश गर्दछ । बल प्रताप र गुणमा पराकाष्ठ भएको त्यो माङ्गलिक द्रव्यले सबै बिघ्नहरु शान्त होउन् ॥१॥

अतीतमा सम्याक सम्बुद्ध शाक्यमुनिलाई ब्राह्मण कुन्धलीले दुबो चढाउँदा त्यसलाई माङ्गलिक द्रव्यको रुपमा अधिष्ठित गर्नु भएको थियो । त्यसको प्रभावले आजको यो फैँल्हु पूजामा दुबो द्रव्यद्धारा मङ्गल होस् । दुबोले आयुलाई बढाउँछ । बज्रसत्वको आयु सिद्ध गराउँछ । क्लेश भएको जन्म मरणको श्रृंखलालाई तोड्ने माङ्गलिक द्रव्यद्धारा हाम्रो आयुको बृद्धि होस् ॥२॥

अतीतमा सम्याक सम्बुद्ध शाक्यमुनिलाई पृथ्वी देवीले सिन्दुर चढाउँदा, त्यसलाई माङ्गलिक द्रव्यको रुपमा अधिष्ठित गर्नु भएको थियो । त्यसको प्रभावले आजको यो फैँल्हु पूजामा सिन्दुर द्रव्यद्धारा मङ्गलं होस् । सिन्दुर बशीकरण स्वभावको छ । अशेष धर्महरुलाई बशमा राखेर धर्मराजले यसको मङ्गलद्धारा राज्यस्थिर गरुन् ॥३॥

अतीतमा सम्याक सम्बुद्ध शाक्यमुनिलाई ऐरावत हात्तीले गोरोचन चढाउँदा, त्यसलाई माङ्गलिक द्रव्यको रुपमा अधिष्ठित गर्नु भएको थियो । त्यसको प्रभावले आजको यो फैँल्हु पूजामा गोरोचन द्रव्यद्धारा मङ्गल होस् । गोरोचन त्रिविष नाशक रोगहरुको उत्तम औषधि हो । धर्मधातुको साक्षात्कार गरेर क्लेशका पिडाहरुलाई मेटाइदिने यसको मङ्गलले यहाँ दुःख शान्त होस् ॥४॥

अतीतमा सम्याक सम्बुद्ध शाक्यमुनिलाई गृहधिपति भद्रपालले दही चढाउँदा त्यसलाई माङ्गलिक द्रव्यको रुपमा अधिष्ठित गर्नु भएको थियो । त्यसको प्रभावले आजको यो फैँल्हु पूजामा दही द्रव्यद्धारा मङ्गल होस् । दही सबको सार हो । उत्तम ज्ञानको साक्षात्कार गरेर समस्त गुण भएको दहीबाट त्रिविष शान्त होस् ॥५॥

अतीतमा सम्याक सम्बुद्ध शाक्यमुनिलाई रुपकी देवी प्रभाधरीले आदर्श चढाउँदा त्यसलाई माङ्गलिक द्रव्यको रुपमा अधिष्ठित गर्नु भएको थियो । त्यसको प्रभावले आजको यो फैँल्हु पूजामा आदर्श द्रव्यद्धारा मङ्गल होस् ।

आदर्श ज्ञान महासागर श्रेष्ठ ज्ञान सागरहरुमा बिशुद्ध भएर धर्महरुको निर्बाध रुपमा उपभोग गर्नेवाला छ । त्यसबाट पनि आवरण शोधित होउन् ॥६॥

अतीतमा सम्याक सम्बुद्ध शाक्यमुनिलाई बृक्ष देवीले बेलको फल चढाउँदा त्यसलाई माङ्गलिक द्रव्यको रुपमा अधिष्ठित गर्नु भएको थियो । त्यसको प्रभावले आजको यो फैँल्हु पूजामा बेलको फलद्धारा मङ्गल होस् । फल हेतु फल सहितको धर्म हो । समस्त लोकमा चर्याहरु श्रेष्टबोधि गर्भका कारण बन्दछन् । त्यो मङ्गलले सर्वाथ सिद्ध होउन् ॥७॥

अतीतमा सम्याक सम्बुद्ध शाक्यमुनिलाई देवराज इन्द्रले सेतो दाहिने शंख चढाउँदा त्यसलाई माङ्गलिक द्रव्यको रुपमा अधिष्ठित गर्नु भएको थियो । त्यसको प्रभावले आजको यो फैँल्हु पूजामा दाहिने शंखद्धारा मङ्गल होस् । शंख धर्म नादलाई ध्वानित पारेर ज्ञानसागरमा शोधित गरेर सम्पूर्ण धर्महरुको प्रदर्शक हुन्छ । त्यो मङ्गलद्धारा शव्दाभिषेक प्राप्त होस् ॥८॥

भगवान बुद्धको जीवनीसंग सम्बन्धित बिभिन्न घटना क्रममा उहाँले यी आठ द्रव्यहरुलाई अधिष्ठित गरेर माङ्गलिक द्रव्यको रुपमा लिएको हुनाले यिनीहरुलाई सबैले मङ्गल द्रव्य को रुपमा लिन्छन् । अभिषेक उपदेश जस्ता राम्रा शिक्षाहरु लिने अवसरहरुमा शुभ साइत होस् भनेर यी द्रव्यहरु चढाउँने गर्दछन् ।

ऊँ अर्घम् पुष्पम् धूपम् दीपम् सुगन्धम् नैबेतम् सर्व परिवार महापञ्च अमृत स्वाहा । ऊँ कुलदेवता खोर्लोह्रिम्पोछे नोच्यन फैंल्हु महाकाल नमः । त्यस बखत ठिनी राज्यमा नाम कहलिएका कर्मअप भन्ने त्रिकालदर्शी नमगुरु नौ वर्ष, नौ महिना, नौ दिनसम्म गुफा बसेका थिए । गुफाबाट निस्किने दिनमा ठिनी ख्याल्सको सेनापति सहित बिशेष टोली गुफामा पुगेर नमगुरुलाई गुफा बस्न सफल भएकोमा बधाई ज्ञापन गर्दै, तत्कालीन अवस्थामा राज्यमा भइरहेको जटिल समस्या, राजा र रानीहरुको रहस्यमय हत्या र आतंकको बारेमा छलफल गरे । छलफल पछि तत्काल भइरहेको समस्याको समाधान गर्ने उपायहरुको परामर्श गर्न नमगुरुलाई आग्रह गऱ्यो ।

नमगुरुले समय चक्रको अध्ययन गरे पछि, यस पटकको उधौली र उभौलीको सामाजिक पूजा अर्थात 'ठ्होत्हैं' गर्दा बिधिबिधान नपुराई यज्ञ गरेको देखियो । त्यही अपूर्ण यज्ञलाई माध्यम बनाएर मन्त्र, तन्त्र, जादु, टुना, मुना र कुटज्ञानमा पारंगत् भएका एक जना झाँक्रीगुरुले वीरमसान जगाई हेरी हेरिनसक्ने, बुझी बुझिनसक्ने 'अजिमो फजिमो' भन्ने अजंगको मान्छे खाने भूतको रुप धारणा गरी राजासंग आफ्नो बिगतको हिसाब किताब पुरा गर्न अष्टमीको मध्यरातमा आएर छलछाम गरी राजा रानीको हत्या गर्ने गरेको देखिन्छ ।

यो ‘अजिमो फजिमो’ भन्ने अजंगको मान्छे खाने भूतलाई कसरी मार्न सकिन्छ भनेर सेनापतिले नमगुरुलाई सोध्यो ।

यो मान्छे खाने भूतलाई “पच्यु, ख्लेप्रँ र नम”को वेदले पन्छाउँन र मार्न सक्दैन, नमगुरुले भन्यो ।

अब के उपाय छ त गुरु भनेर सेनापतिले सोध्दा, यो ‘अजिमो फजिमो’ भन्ने मान्छे खाने बीरमसान तीन आँखा भएका महाप्रतापी राजाले मात्र दमन गर्न सक्दछ । तर, समय बलवान छ । समय भन्दा बलवान कोही पनि हुदैन । यस धर्तीमा कुनै पनि मानिसको जन्म हुन्छ भने त्यस्को मृत्यु पनि निश्चित छ । किनभने मृत्यु नै मानव जीवनको अन्तिम सत्य हो । अर्को कुरा, प्रत्येक कालखण्डमा अधर्मीहरुको अमानवीय व्यवहार र अत्यचारले मानव समाजलाई तहश नाश गरी बिनाश गर्न खोजियो भने, त्यस अवस्थामा मानव समाजको कल्यानका लागि श्रृष्टि कर्ताले एक न एक जना शक्तिशाली महापुरुषको जन्म गराउने चक्रव्यूह रचाइ सकेका हुन्छन् । मैले गणितको जोड घटाउ गरेर हेर्दा, हाम्रो ठिनी ख्याल्समा पनि कुनै महापुरुषको आगमान हुने समय नजिकै आइसकेको देखेको छु, गुरुले भविष्य वाणी गर्नु भयो ।

त्रिकालदर्शी नमगुरुको भविष्य वाणी सुने पछि सेनापतिको टोली आश्चर्य प्रकट गर्दै राज्यतिर फर्किए ।

त्यस बखत ठिनी राज्यमा राजा नभएकोले

महामन्त्री ढगको परामर्शमा राजसभा बस्यो ।

राजसभामा सेनापतिले त्रिकालदर्शी नमगुरुले गरेको भविष्य वाणी जस्ताका तस्तै गरी सुनाए । भविष्य वाणी सुने पछि सदस्यहरु सबै जिल्ला परे । सदस्यहरुले आ-आफ्नो राय राखे । तर, कुनै निष्कर्षमा पुग्न सकेन ।

आज, भोलि, पर्सि गर्दै समय बित्दै गयो । फेरि सामाजिक पूजा अर्थात 'ठ्होत्हैं' गर्ने समय आयो । सनातनदेखि चली आएको परम्परा अनुसार सामाजिक पूजामा राजा र रानीको उपस्थिति अनिवार्य रहेको हुनाले राजा रानीको चयन गर्न फेरि राजसभा बस्यो । तर, राजसभाको सदस्यहरु कोही पनि राजा हुन मानेनन् । किनभने राजा भए पछि एक महिना मात्र उनको जीवन रहन्थ्यो । त्यसैले, ख्याल्सका लाटा, गाँडा, सोझा, सादा र निमुखाहरुलाई फकाइ फुलाई राजा बनाई राजगद्धीमा राखिन्थ्यो । यसरी, सामाजिक पूजा गर्दा, नयाँ नयाँ राजा बनाउँने कार्य आठौं पटक पुगी सकेको थियो । राज्य चारैतिर असुरक्षित, भयभीत एवं आतंकित थियो । तथापि, सामाजिक पूजाका लागि नयाँ राजा बनाउँने प्रयत्न भइरहेको थियो । तर, राजा हुने उम्मेदवार कोही पनि थिएन । अवस्था बिक्राल थियो ।

गुरुङको परम्परागत संस्कार अनुसार राजा र राजकुमारहरुले चैत्र र असोज महिनामा शिकार खेल्ने परम्परा रहेको हुनाले सोही मुताबिक सफुँती ख्याल्सका युवराज नोच्यन तमू असोज महिनामा आफ्ना सिकारी

दलबल लिएर एक साताका लागि सफुँती क्याल्सबाट पूर्वदिशा हुदै शिकार खेल्दै आए । सफुँती ख्याल्स भनेको जुम्लाको सिञ्जा सिजापति शहर हो । यो स्थान साविकको जुम्ला जिल्लाको उत्तरपट्टि पर्छ । रात परे पछि एउटा खोल्सा नजिकैको ओडारमा क्याम्प लगाएर बास बसे । राति अचानक ऋतु बिपरीत मौसम भएर भीषण हिमपात भयो । भीषण हिमपातका कारण हिमपहिरो आएर खोल्सा नजिकै क्याम्पमा बसेका शिकारी टोली सबै हिमपहिरोले बगाइ लग्यो । युवराज नोच्यनको पुर्पुरोमा आगो ननिभेको हुनाले उनी हिमपहिरोबाट उम्केर भाग्न सफल भए । रातभर बेशुरमा भाग्दा भाग्दै जौ बारीमा आइ पुग्यो । जौ बारी देखे पछि अब त गाउँ पनि नजिकै रहेछ क्यारे भन्ठानेर बाटो माथिको जौ बारीमा एकछिन आराम गर्न बसे । पहिरोको पीडा र थकाइले गर्दा, त्यही बसेको ठाउँमा भुसुकै निदाए ।

भोलि पल्ट बिहना सबेरै गाउँका गोठालाहरु भेडा बाख्रा चराउदै जौ बारीमा आइपुगे । बाटो माथिको जौ बारीमा भूत जस्तो अजंगको मानिस सुतिरहेको देखे । राज्यमा राजा र रानी मारी आतंक मचाउँने मान्छे खाने भूत त यही पो सुतिरहेको रहेछ भन्ठानेर गोठालाहरु डरका कारण चिच्याउँदै गाउँ फर्केर बुढा पाकाहरुलाई खबर गर्न पुगे । गाउँका मानिसहरु सिङ्गाझार पारी लाठी, मुढा लिएर कोलाहाल मचाउदै जौ बारीमा पुगे ।

त्यो अजंगको मानिस अझै त्यही सुतिरहेको थियो ।

महामन्त्रीले मनमनै सोच्यो ? यो अजंगको मानिस मान्छे खाने भूत भएको भए त लुकिसक्नु पर्ने ? हराइसक्नु पर्ने ? तर, यो त अझै त्यही सुतिरहेको छ ? अलि नजिकै गएर हेर्न पर्‍यो भन्ठानेर जनसमूहलाई एकछिन हल्ला नगर्नु भनी इशारा गरी आफुसंग ४, ५ जना हतियार लिएका ठिटाहरु लिएर त्यो सुतिरहेको मानिस निर पुगेर ए, तिमी मान्छे हो कि भूत हो ? चर्को स्वरमा सोधे ।

चर्को आवाज सुनेर त्यो मानिस पनि उठ्यो र तपाइँहरु को हो भनेर उल्टै प्रतिप्रश्न गयो ?

तिमी भूत हो कि मान्छे ? महामन्त्रीले पुनः सोधे ।

त्यस बखत त्यो मानिसले म सफुँती ख्याल्सको युवराज नोच्यन तमू हुँ । एक साता अघि शिकार खेल्ने दलबलसहित ख्याल्सबाट निस्केको थिए । शिकार खेल्दै आउदा राति एउटा खोल्साको नजिकै ओडारमा क्याम्प लगाएर बास बसे । राति अचानक ऋृतु बिपरीत मौसम भएर भीषण हिमपात भयो । भीषण हिमपातका कारण हिमपहिरो आएर खोल्सा नजिकै क्याम्पमा बसेका मेरो शिकारी टोली सबै बगाई लग्यो । मेरो पुर्पुरोमा आगो ननिभेकोले म हिमपहिरोबाट उम्केर भाग्न सफल भए । रातभर बेसुरमा भाग्दै आउदा यो जौ बारीमा आइ पुग्यो । जौ बारी देखे पछि अब त गाउँ पनि नजिकै रहेछ क्यारे भन्ठानेर बाटो माथिको जौ बारीमा एकछिन आराम गर्न बसेको थिए । पहिरोको पीडा र थकाइले

गर्दा, यही भुसुकै निदाएछु । अहिले तपाइँहरुको चर्को आवाज र कोलाहलले गर्दा बिउँझिए, राजकुमार नोच्यनले भन्यो ।

महामन्त्री ढगले युवराज नोच्यन तमूको कुरा सुने पछि त्रिकालदर्शी नमले गरेको भविष्य वाणीको संझना आयो । फेरि पनि यो मान्छे राजकुमार हो कि होइन भनी महामन्त्रीले सुक्ष्म अध्ययन गर्दा, नोच्यनको शारीरिक ढाचा यस्तो थियो । नोच्यन आग्लो, मोटो, टाउके, तीनआँखे, ठुलोकाने, बाघछाती, धनुष बाण भिरेको, तरवार सजाएको, कालो माला लगाएको युवराज नभए पनि होला होला जस्तो थियो । यस्तो अलंकारले सजिएको युवराजको अनुहारमा महाप्रताप, वीरता, र बिजयको प्रतिविम्व प्रष्ट रुपमा महामन्त्रीले देखे । फेरि पनि तिमी के खान्छौ यस्तो अजंगको भएको ? तिम्रो पौराख के छ भनी पुनः सोध्यो ।

म एक छाकमा एउटा सिँङगै जीवत खान्छु । मेरो पौराख माथिबाट आएको पैरो रोक्न सक्छु । तलबाट आएको आँधी तुफान रोक्न सक्छु । भूतप्रेत मार्न सक्छु । न्याय निसाफ गर्न सक्छु, नोच्यनले भन्यो ।

उनको कुरा सुने पछि महामन्त्रीले सेनापतिसंग परामर्श गरे । उनले पनि आजको घटना र नमगुरुले गरेको भविष्य वाणी एकदमै मिल्दो जुल्दो छ भनी सहमति जनाए ।

त्यसपछि, त्यहाँ उपस्थित जनसमुहलाई सम्बोधन

गर्दै महामन्त्रीले भने– 'हे ठिनीबासी हो, हाम्रो ठिनी राज्यमा राजा नभएको हुनाले शासन व्यवस्था लथालिङ भएको छ । हत्या, हिंस, आतंक र अशान्ति फैलिएको छ । नमगुरुको भविष्य वाणी अनुसार तीन आँखे महाप्रतापी राजाले मात्र 'अजिमो फजिमो' भन्ने मान्छे खाने भूतलाई मार्न सक्छ भनेको छ । मेरो अध्ययनमा यो युवराज नोच्यन पनि तीन आँखे छ । महाप्रतापी र सुरवीर पनि देखिन्छ । हाम्रो राज्यमा राजा छैन । यी राजा भएर भूत प्रेतलाई मार्न सक्यो भने हाम्रो ठिनी राज्य फेरी पनि सम्पन्न र शान्तिमय हुन सक्दछ भनेर प्रस्ताव गरे । त्यहाँ उपस्थित जनसमूहले महामन्त्रीको प्रस्तावमा सर्मथन जनायो ।

'हे सफुँती ख्याल्सको राजकुमार नोच्यन,' हाम्रो ठिनी ख्याल्समा राजा छैन । सुरवीर र प्रतापी राजा नभएको हुनाले हाम्रो शासन व्यवस्था लथालिंग भएको छ । हाम्रो ख्याल्समा राजा हुन तपाइँलाई स्वागत छ, महामन्त्रीले निवेदन गऱ्यो ।

राजकुमार नोच्यनले एकछिन चारै दिशातिर हेरे । त्यसपछि मन्त्रोचरण गरी त्यस स्थानको राम्रो नराम्रो लक्षणको बिचार गऱ्यो । यसरी बिचार गर्दा, राम्रो लक्षण देखेर नोच्यनले राजा हुने आसय प्रकट गरे ।

राजकुमार नोच्यनको आसय बुझे पछि महामन्त्रीले नोच्यनलाई त्यही जौ बारीमा शिरपाउ पूजा गरी, पगरी गुथाइ ठिनी राज्यको राजा भएको घोषण गऱ्यो । नयाँ

राजालाई ठिटाहरुले काँधमा बोकी नोच्यन राजा हुर्रे ! नोच्यन राजाको चिरायु होस् ! नोच्यनले भूतप्रेत मार्न सफल होस् ! भन्दै फलाक्दै दरबारमा लगेर राज्याभिषेक गरे । त्यसपछि राजाले राजसभा बोलाउँन महामन्त्रीलाई आदेश गरे ।

ठिनी ख्याल्समा नोच्यन राजा भए पछि प्रथम पटक राजसभाको बैठक बस्यो ।

महामन्त्रीले ठिनी ख्याल्सको बिगतदेखि बर्तमानमा भइरहेका समस्याहरुको बारेमा राजालाई अवगत गरायो । साथै नमगुरुले गरेको भविष्य वाणीको बारेमा पनि जस्ता तस्तै बताए ।

'अब केही कुरा भन्न बाँकी छ कि ?' राजाले महामन्त्रीलाई सोधे ।

'एउटा काम बाँकी छ,' महामन्त्रीले भन्यो ।

'के काम बाँकी छ ?' राजाले सोध्यो ।

हाम्रो परम्परादेखि चलिआएको रीतिरिवाज, मुल्य र मान्यता अनुसार राजगद्धीमा राजामात्र बसेर हुदैन । रानी पनि हुनु पर्छ, महामन्त्रीले भन्यो ।

'अब के गर्ने त, राजाले सोध्यो ?' तपाइँ चिन्ता गर्नु पर्दैन । भोलि बिहना राजसभाको सदस्यहरुका उमेर पुगेका बिबाह नभएका सबै छोरीहरुलाई राजधारामा पठाई दिनु । त्यहाँ राजाले मन पराएको कन्यालाई रानी बनाइ ल्याउनेछ, महामन्त्रीले राजसभाका सदस्यहरुलाई सम्बोधन गर्दै आदेश दिए ।

भोलि बिहना महामन्त्री र सेनापतिसंग राजा पनि राजधारामा पुगे । त्यहाँ कन्याहरु नुहाउँदै थिए ।

राजाले धाराको नजिकै गएर कन्याहरुको लक्षण बिचार गरे । तर, त्यहाँ उपस्थित कुनै पनि कन्यासंग 'पञ्चम लक्षण' नभएको थाहा पाए पछि राजा फर्किए ।

राजा त्यसै फर्किए पछि कन्या मनपरेन कि कसो हो ? महामन्त्रीले नरम स्वरमा सोध्यो ।

हाम्रो ख्याल्समा रानी हुने कन्यासंग 'पञ्चम लक्षण' पनि हुन जरुरी छ, राजाले भन्यो ।

आजको युगमा पनि त्यस्तो 'पञ्चम लक्षण' भएको कन्या कहाँ हुन सक्छ त, महामन्त्रीले भन्यो ।

सफुँती ख्याल्सको दरबारको सात्हु भन्ने महापण्डित पैडीको छोरी पाङ्ग्रेस्यो (पाङ्ग्रेस्यो भनेको निधरमा सा-साना कालो दाग छिप्रेपाङ्ग्रे भएको)संग मात्र 'पञ्चम लक्षण' छ, राजाले भन्यो ।

राजाको आसय बुझे पछि, आफ्नो शिकार खेल्ने दलबल लिएर शिकार खेल्ने बहानामा राजासंग सफुँती ख्याल्स गएर पाङ्ग्रेस्योलाई रानी बनाएर ल्याउनु भनी महामन्त्रीले सेनापतिलाई आदेश दिए । आदेश मुताविक सेनापति आफ्नो दलबल सहित राजासंग सफुँती ख्याल्स गइ, समयको अनुकूल मिलाएर पाङ्ग्रेस्यो पधेरामा एक्लै भएको बखत राजाले भेटेर बृतान्त कुरा गरेपछि रानी बनाइ ठिनी ख्याल्समा ल्याए ।

राजा रानी ठिनी दरबार फर्किए पछि त्रिकालदर्शी नमगुरुको आर्शीवाद लिन गुफा गए । गुरुको आर्शीवाद लिनुका साथै गुरुलाई ठिनी ख्याल्सको कुलगुरुको पदमा बसेर राज्य सञ्चालनमा आवश्यक परामर्श दिन पनि निमन्त्रणा दिए । गुरुले पनि निमन्त्रणा स्वीकार गर्दै भन्यो । हे राजन, यो कुलगुरु पद अत्यन्तै सम्मानित पद हो । तपाइँको यो निमन्त्रणाले म अत्यन्तै हर्षित हुनका साथै गम्भीर पनि छु । किनभने, जुन उद्देश्य लिएर तपाइँ यहाँ आउनु भएको छ, त्यो उद्देश्य मैले पुर्ति गर्न सकिन भने, म यो पदमा बस्नुको कुनै औचित्य हुँदैन । अर्को कुरो, राज्यलाई संकट परेको घडीमा यो पदले चुनौतीहरुको परवाह नगरी राज्यलाई संकटबाट मुक्ति दिलाउँन अत्यन्तै कठोर निर्णयहरु पनि गर्नु पर्ने अवस्था हुन सक्दछ । त्यस अवस्थामा राजा र कुलगुरुकोबीच बैचारिक मतभेद हुन गयो भने, त्यो मतभेद्ले राज्यमा भयंकार नराम्रो संकट निम्त्याउँन सक्दछ । त्यसैले, यस सन्दर्भमा म एउटा कथाको रुपमा ठिनी राज्यको अतीतलाई बताउँन चाहन्छु ।

आज भन्दा ठिक पाँच वर्ष अगाडि ठिनी राज्यमा खदो भन्ने शक्तिशाली राजा शासन गर्दथे । उनले मन्त्र, तन्त्र, जादु, टुना, मुना र कुटज्ञानमा पारंगत भएका नामुद मिर्क्रँ भन्ने झाँक्रीगुरुलाई कुलगुरु पदमा नियुक्त गरेका थिए । शासन पद्धतिको सिलसिलमा कुलगुरु र राजाकोबीचमा बैचारिक मतभेद भएकाले राजाले

शक्तिको दुरुपयोग गरी कुलगुरुलाई पदच्युत गरिदिए । कुलगुरुले आफ्नो अपमान भएकोमा तिम्रो राजबंश नाश होस् भनी श्राप दिइ हिमालय पर्वततिर ध्यान गर्न गए । राजाले गरेको अपमानको बदला लिन झाँक्रीगुरुले वीर मसानको साधना गरी 'अजिमो फजिमो' भन्ने मान्छे खाने भूतको रुप धारणा गरी अष्टमीको मध्यरातमा आइ राजा रानीको हत्या गरी आफ्नो अपमानको घाउमा मलम लगाउने गरेका छन् । यस प्रकार ठिनी राज्यमा पाँच वर्ष भित्र नौजना राजा र सातवटी रानीको हत्या भैसकेका छन् । तपाइँ दशौं राजा हो । तपाइँले ती वीर मसानलाई दमन गर्न सकेन भने अब आउने अष्टमीको रातमा तपाइँको पनि मृत्यु निश्चित छ, गुरुले स्पष्टसंग भविष्य वाणी गर्नु भयो ।

शिकारको संयोगले म ठिनी राज्यको राजा भए । अब मेरो दायित्व भनेको ख्याल्समा सामाजिक सुरक्षा एवं सुख शान्ति कायम गरी उन्नति र प्रगति गर्नु हो । तर, यो वीर मसानलाई निर्मुल नगरी शान्ति र सुरक्षाको काम सम्भाव छैन । त्यसैले, कुलगुरुबाटै यो समस्याको उपाए पनि बताइ दिनुहोस्, राजाले निवेदन गरे ।

हे राजन, तिमी तीन आँखे, सुरवीर एवं महाप्रतापी छौं । तिम्रो पराक्रममा कुनै शंका छैन । तर, मिर्कैं झाँक्रीगुरु मन्त्र, तन्त्र, टुना, मुना, कुटज्ञान, छलछाम र वीर मसानको साधना गर्न निपुण भैसकेका छन् । यो ऋतु बिपरीतको भीषण हिमपात पनि उनैको छलछाम

हो । तथापि, झाँक्रीको वीर मसानलाई निर्मूल गर्न महाकालको महायज्ञ गरेर कालमोचन गरी मोहिनी जाल प्राप्त गर्नु पर्छ । कुनै पनि वीर मसान त्यो मोहिनी जालमा प्रवेश भैसके पछि प्रेतात्म मुक्त हुन सक्दैन । त्यसै बखत टिमुर र खुर्सानीको धूप दिए पछि प्रेतात्मको शाक्ति क्षिण हुदै जान्छ । त्यसै अवस्थामा अग्निवाण चलाउनु पर्छ । अग्निवाणबाट वीर मसानको प्रेतात्मको अस्तित्व समाप्त भए पछि त्यहाँ मिक्रैं झाँक्री गुरुको मृत शरीर मात्र रहनेछ भनी गुरुले वीर मसान मोचनको भेद खोलिदिए र आवश्यक शक्तिको बरदान पनि दिए ।

नमगुरुको परामर्श अनुसार अष्टमीको रातमा महाकालको महायज्ञ गरी, यज्ञबाट प्राप्त मोहिनी जालमा वीर मसानलाई वशमा पारी अग्निवाण चलाउने बेलामा राजा नोच्यनले भन्यो– 'हे मिक्रैं झाँक्रीमहागुरु,' तपाइँ कुटज्ञानमा पारंगत भए तापनि तपाइँको सम्पूर्ण कर्महरु मानव कल्याण र धर्म बिरुद्ध' भएकाले अब तपाइँको अन्त्य निश्चित छ, भनी अग्नि वाण चलाए पछि 'अजिमो फजिमो'को रुपमा रहेको वीर मसानको अस्तित्व सदाको लागि समाप्त भयो ।

ठिनी ख्याल्समा मान्छे खाने भूत 'अजिमो फजिमो' माथि बिजय भएको खुसियालीमा ख्याल्समा दीपावली गरी उत्सव मनाइयो । उत्सव मनाउँदा दिवंगत भएका नौ राजाहरुको नौवटा दुना र सातवटी रानीहरुको संभ्कनामा सातवटा दुनामा भोजन राखी मातृ पितृहरुको

स्मरणमा ‘खेमानाँब’ अर्थात् पितृपूजा गरी उत्सव मनाउँने कार्य सम्पन्न भयो । राजाले मान्छे खाने भूत माथि बिजय प्रप्त गरेकोले राजसभाले राजालाई ‘खोर्लोह्निन्पोछे’ अर्थात ‘महाप्रतापी’ मानपदवि प्रदान गरी सम्मान पनि गरे । यसरी ‘खेमानाँब’ उत्सव ठिनी ख्याल्समा प्रत्येक वर्ष असोज महिनाको शुक्ल पक्षको सप्तमीदेखि पूर्णिमासम्म राष्ट्रिय पर्वको रुपमा नियमित मनाउँने प्रचलन हुँदै आयो । यो प्रचलन गुरुङ समुदायमा आजसम्म पनि अविछिन्न चल्दै आएको छ । यो पर्व गुरुङहरुको मौलिक पहिचान हो ।

ऊँ अर्घम् पुष्पम् धूपम् दीपम् सुगन्धम् नैबेतम् सर्व परिवार महापञ्च अमृत स्वाहा ।

ऊँ कुलदेवता खोर्लोह्निम्पोछे नोच्यन फैँल्हु महाकाल नमः भनेर १०८ पटक जप गर्ने ।

ऊँ इष्टदेवता नमयेनम कोँरुँब नमः भनेर १०८ पटक जप गर्ने ।

ऊँ अर्घम् पुष्पम् धुपम् द्धीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्च अमृत स्वाहा । ऊँ पितृदेव नम ....... (आफ्नो पितृको नाम लिने) । मातृदेव नम ......... (आफ्नो मातृको नाम लिने) । कुलदेव खोर्लोह्निम्पोचे नोच्यन फैलु महाकाल नमः । इष्टदेव नमयेनम कोँरुँब नमः । त्हडेदेव नमः । सिद्धिदेव नमः । आयुदेव नमः । ह्योँदेव नमः । (ठेगाना भन्ने) यसको आसपासमा रम्ने बस्ने सिल्दो नाल्दो साक्षी थानेमाने देवीदेउता देउराली

भयारी नागनागिनी ल्हल्हु यक्ष गन्दर्भ किन्नर देवपित्र कुलकुटुम्ब इष्टमित्र साथीभाइ र छरछिमेक सबैलाई नमोनमः । आजको कर्ता ..........को नाति, .........को छोरा बुहारी ................को कुलदेवता फैल्हु पूजाको पुण्यानुमोदन गरिदिन हुन उपरोक्त सम्पूर्ण देवी देवताहरु र बोधिसत्वहरु सबैलाई अनुरोध गर्दछु ॥ अनुरोध गर्दछु ॥ अनुरोध गर्दछु ॥।

यो फैँल्हु पूजाबाट प्राप्त हुने सम्पूर्ण पुण्य आजको कर्ता श्रीमान श्रीमती .................. लाई प्राप्त होस् । सम्पूर्ण परिवारलाई प्राप्त होस् । सम्पूर्ण परिवारको उन्नति, प्रगति र समृद्धि होस् । सुख, शान्ति, सुस्वास्थ र दीर्घायु होस् । ऊँ अर्घम् पुष्पम् धुपम् द्वीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्च अमृत स्वाहा । फैल्हुपूजा समाप्त भयो । भवतु सर्वमंगलम । बुद्धम् शरणम् गच्छामि ।

## ३. तिहार पछिको पूर्णिमाको साँझ (ह्यौँ) पूजा गर्नेः

रत्नसूत्र (ह्यौँ) पूजाको पूर्ण बिधि बिधानको लागि डिजीटल लाइब्रेरीको पुस्तक नम्बर १३० मा हेर्नु होला । धन्यवाद । *****

www.buddhismlibrary.org
Digital Book #130.